लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

काठमाडौं

। वर्ष १५ अंक २०३, काठमाडौं, आइतबार १९ पुस २०७२, नेपाल संवत् ११३६। www.rajdhani.com.np | Email rajdhaninews@gmail.com | RAJDHANI Nepali National Daily | Kathmandu, Sunday 3 January 2016 | पृष्ठ : ८ मूल्य रु. ५/-



ग्राहक प्रति

आफ्नै फिल्म जुध्दा... पृष्ठ ६

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300,
Ext: 112, 108

## दुई लाख भूकम्पपीडित उच्च खाद्य संकटमा

**लक्ष्मी सापकोटा/राजधानी**
काठमाडौं, १८ पुस

सरकारी निकायको संलग्नता भएको एक अध्ययनले भूकम्प प्रभावित जिल्लाका २ लाख ४ हजार भूकम्पपीडित उच्च खाद्य संकटमा परेको देखाएको छ। खाद्यान्नको माग नआएको भन्दै सरकारी निकायले अनुदानमा आएको चामल बिक्रीको तयारी गरिरहेको बेला अर्को सरकारी निकायको तथ्यांकले यस्तो डरलाग्दो तस्बिर बाहिर ल्याएको हो।

कृषि विकास मन्त्रालयअन्तर्गतको नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली (नेक्साप) र विश्व खाद्य कार्यक्रमले युरोपेली संघको



- खाद्यान्न उत्पादनमा कमी
- खाद्यवस्तुको मूल्यमा ८० प्रतिशत वृद्धि

सहयोगमा गरेको अध्ययनमा ४८ हजार ६ सय घरधुरीका २ लाख ४ हजार ४ सय भूकम्पपीडित उच्च खाद्य संकटमा परेको देखिएको छ। गत साउनदेखि कात्तिकसम्म गरेको अध्ययनले यस्तो देखाएको कृषि विकास मन्त्रालयले जनाएको छ। कृषि विकास मन्त्रालयका उपसचिव हेमराज रेग्मीले भूकम्प प्रभावित जिल्लामा गरिएको अध्ययनले खाद्यान्नको अभाव देखाएको बताए। 'भूकम्पले खाद्यान्न उत्पादनमा ह्रास आउँदा ती जिल्लामा थप समस्या देखिएको छ,' रेग्मीले *राजधानी*सँग भने, 'भूकम्प प्रभावित जिल्लामा खाद्यान्न सहयोग आवश्यक देखिएको छ।'

यता, बंगलादेश सरकारले भूकम्पपीडितलाई गत जेठमा पठाएको ७८ हजार क्विन्टल चामल वाणिज्य तथा आपूर्ति मन्त्रालयले बेच्न निर्देशन दिएको छ भने यसअन्तर्गतको नेपाल खाद्य संस्थानले बेच्ने तयारी गरिरहेको छ। अध्ययनका अनुसार भूकम्प प्रभावित जिल्ला गोरखाका २० गाविस, नुवाकोटका १३, रामेछापका १२, दोलखाका ११, सिन्धुपाल्चोकका ३३ र रसुवाका २ गाविसमा खाद्यान्न संकट देखिएको छ। भूकम्पले गर्दा यो वर्ष मुख्य खाद्यान्नको उत्पादनमा उलेख्य कमी आएकाले ती जिल्लामा थप खाद्य संकट चुलिएको हो।

भूकम्पपछि मकै २०, धान २२ र कोदोको उत्पादनमा १० प्रतिशतले ह्रास आउनुका साथै पशुपालनमार्फत हुने उत्पादनसमेत १६ प्रतिशत घट्नुलाई थप खाद्य संकटको आधार मानिएको छ। क्रमिक रूपमा यस जिल्लामा खाद्यवस्तुको बजार मूल्यमा ८० प्रतिशतको वृद्धि र विप्रेषण प्रवाहमा आएको २० प्रतिशतको ह्रासले अवस्था बिग्रेर गएको छ।

अध्ययनले सुदूरपश्चिमका नौ जिल्लाका १ सय २० गाविस उच्चतम खाद्य असुरक्षामा परेको देखाएको छ। त्यहाँका ६० हजार घरधुरीका करिब २ लाख ६० हजार मानिस प्रभावित भएको सरकारी अध्ययनले देखाएको छ। सुदूरपश्चिम विकास क्षेत्रको बाजुरा जिल्ला खाद्य सुरक्षा सञ्जालले १० गाविसलाई चरण-३ मा वर्गीकरण गरेको छ। ७ हजार ४ सय घरधुरीबाट लगभग ३२ हजार ८ सय मानिस प्रभावित भएको अनुमान छ। ती जिल्लामा खाद्यान्नको उत्पादनमा आएको ह्रास र रोजगारीको अवसर ३० प्रतिशत गुमेको अध्ययनले देखाएको हो।

बर्खे बालीमा देखिएको उत्पादन ह्रासका कारण मुगु जिल्लाका १२ गाविस र डोल्पा जिल्लाका ७ गाविसलाई चरम खाद्य असुरक्षाको सूचीमा राखेको छ। ४ हजार घरधुरीका २२ हजार ८ सय मानिस यस अवस्थाबाट प्रभावित हुन पुगेको अनुमान गरेका छन्।

बर्खे बालीको उत्पादनमा आएको ह्रास, खाद्य सुरक्षा र जीविकोपार्जनमा भूकम्पले पारेका प्रभाव, इन्धन संकट, सडक अवरोध, बजार मूल्यको अनियन्त्रित वृद्धिजस्ता कारणले गर्दा आगामी दिनमा ती गाविसमा चरम खाद्य संकट हुने अध्ययनले देखाएको छ। त्यसैगरी, आगामी दिनमा सुदूरपश्चिमको बाजुराका १७, मध्यपश्चिमको डोल्पाका ७, हुम्लाका १७, मुगुका १२ र कालिकोटका १० गाविसमा चरम खाद्य संकट पर्ने अध्ययनले देखाएको छ। यी सबैजसो जिल्लामा जिल्ला खाद्य सुरक्षा सञ्जालले बर्खे बालीको उत्पादनमा आएको ह्रास र खाद्यवस्तुको बजार मूल्य वृद्धि हुनु मुख्य कारण मानेका छन्।

(बाँकी पृष्ठ २ मा)

## मधेस आन्दोलनले तस्कर मालामाल

**सुभाष साह/राजधानी**
बारा, १८ पुस

मधेस आन्दोलनले अहिले तस्कर र स्थानीय व्यापारीहरू मालामाल भएको पाइएको छ। संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा, संघीय समावेशी मधेसी गठबन्धनसहितका विभिन्न समूहले जारी राखेको नाकाबन्दीबाट आममधेसी जनता भने निकै मारमा परेका छन्।

मधेसी जनताको अधिकारका लागि आन्दोलन भनिए पनि त्यसको प्रत्यक्ष फाइदा भने तस्कर र कालोबजारियालाई पुगेको छ। आन्दोलनले मध्य तराईका बारा, पर्सा र रौतहटका बजारमा राजस्व तिरेर ल्याउने खाद्यान्न सामग्री, लत्ताकपडा, पेट्रोलियम पदार्थ, खाना पकाउने ग्याँस, रेडिमेड कपडा, कस्मेटिक सामानहरूको अभाव छ। तर, तस्करको समूहले भारतीय सीमावर्ती सहरबाट चोरबाटो हुँदै नेपाल प्रवेश गराएका सामान छ्यापछ्याप्ती पाइन्छ। ती सामान तस्कर र स्थानीय व्यापारीले चौबर मूल्यमा बिक्री गरी सर्वसाधारण ठग्ने काम गर्दै आएका छन्।

चोरबाटोको प्रयोगले गर्दा तस्करहरूले भन्सार नतिरी भारतबाट माल-सामान भित्र्याएर लाखौं कमाउन सफल भएका छन्। स्थानीय व्यापारीहरूले नाकाबन्दीले सामान महँगो भएको भन्दै उपभोक्ताबाट साबिक मूल्यको तुलनामा तस्करीबाट आएको सामान निकै बढी मूल्यमा बिक्री गर्ने गरेका छन्।

रौतहटको बंकुल, गौर, महादेवापट्टी, बेलविछवा र औरहिया नाकाबाट अहिले साइकल र मोटरसाइकलमा सीमावर्ती सहरहरूबाट सामान खरिद गरी विनाभन्सार नेपाल भित्र्याइएका छन्। तस्करहरूले गौर, चन्द्रनिगाहपुर, शिवनगर, गरुडा, पिपरा, समनपुर, कटहरियालगायतका स्थानीय बजार र काठमाडौं, नारायणघाट, हेटौंडालगायतका ठुला सहरहरूमा तस्करी गरेका खाद्यान्न सामग्री, कस्मेटिक सामान, लत्ता-पकडा, काजु, किसमिसलगायतका सामान पुऱ्याएर बिक्री गरिरहेको प्रहरी अधिकारीहरू नै बताउँछन्।

### तस्करसँग मिलेर उपभोक्ता ठग्दै राजस्व छल्दै व्यापारी

### मूकदर्शक बन्यो प्रशासन

रौतहटको बंकुल, गौर, महादेवापट्टी, बेलविछवा र औरहिया नाकाबाट अहिले साइकल र मोटरसाइकलको प्रयोगबाट सरमुजवाका सुनिल जैसवाल, गरुडाका सञ्जय जैसवाल, चन्द्रनिगाहपुरका सुनिल जैसवाल, नथुनी यादव, जयमंगल साह, हेमचन्द्र जैसवाल, गौरका शम्भु साहलगायतका तस्करहरूले सीमावर्ती गाउँका स्थानीय युवाहरूलाई परिचालन गरी दिनहुँ अवैध रूपमा सामान भित्र्याउने गरेका छन्।

एकजनाले २० देखि ३० लाखसम्मको माल-सामान भारतीय बजारबाट खरिद गरी आन्दोलनको फाइदा उठाउँदै भन्सार नतिरी बजारसम्म पठाउने गरेका छन्।

मधेस आन्दोलन लम्बिँदा र नाकामा जारी धर्नाले भन्सार तिरेर सामान ल्याउन सक्ने वातावरण नभएको भन्दै रौतहटका अधिकांश व्यापारीले सीमावर्ती भारतीय सहरबाट तस्करी गरी ल्याएका सामान खरिद गरी उपभोक्तालाई बेच्ने गरेका छन्।

बारामा रहेका मटिअर्वा, बलिरामपुरको मुसहर्वा नाका, सिमरौनगढ, कबहीगोठ, कचोर्वालगायतका नाकाबाट पनि तस्करीका सामान भित्रने क्रम निकै बढेको छ। मधेस आन्दोलनका कारण सुरक्षाकर्मीहरूको चेकजाँच खुकुलो हुँदा त्यसको फाइदा तस्करहरूले उठाउँदै आएका छन्।

मटिअर्वा नाकाबाट धनीलाल साह, बलिरामपुर नाका मुसहर्वाबाट वीरगन्ज निवासी राजेश साह, कचोर्वा नाकाबाट मुन्ना जैसवालले भारतीय सहरबाट किनेका खाद्यान्न सामग्री, लत्ताकपडा र पेट्रोलियम पदार्थ बाराको कलैया, बरियारपुर, गन्जभवानीपुर, जितपुर, सिमरा, कोल्हवी, निजगढसम्म पुऱ्याउने गरेको एक प्रहरी अधिकृतको भनाइ छ। तर, उनीहरूलाई प्रहरीकै उच्च अधिकारीले तस्करीमा संरक्षण दिइरहेका छन्।

यस्तै, पर्साको इनर्वा, सिरसिया, भिस्वा, जानकी टोला, ठोरी नाकाबाट खाद्यान्न सामग्री, लत्ताकपडा, पेट्रोलियम पदार्थलगायत तस्करीका सामान भित्र्याएर भण्डारण गरी देशका ठुला सहरहरू साथसाथै वीरगन्ज, निर्मलबस्ती, जितपुर, सिमरासहित ग्रामीण भेगका बजारमा समेत पुऱ्याउने गरेका छन्।

(बाँकी पृष्ठ २ मा)

## महतोको नागरिकता छानबिन गर्न माग

**काठमाडौं/रास-** सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोको नागरिकता छानबिनको माग गर्दै एमाले निकट युवा संघ नेपालले गृहमन्त्री शक्तिबहादुर बस्नेतलाई ज्ञापन पत्र बुझाएको छ।

युवा संघ नेपालका मधेस ब्युरो प्रमुख सन्जीव झाको नेतृत्वमा गएको टोलीले शनिबार गृह मन्त्रालय पुगेर मन्त्री बस्नेतलाई महतोको नागरिकता छानबिन गर्न माग गर्दै ज्ञापन पत्र बुझाएको हो।

ज्ञापन पत्रमा महतोले झूटा विवरण पेस गरी नेपाली नागरिकता लिएको ठोकुवा गर्दै उनको नागरिकता रद्द गरी कानुनबमोजिम कारबाही गर्न माग गरिएको छ। ज्ञापन पत्र बुझ्दै गृहमन्त्री बस्नेतले नागरिकता विवादमा सरकार गम्भीर रहेको बताए। मन्त्री बस्नेतले मधेसमा नागरिकता लिएको विवाद रहेको बताउँदै नक्कली विवरण पेस गरी नागरिकता लिनेलाई कारबाही गर्ने बताएका थिए।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि २०६८ सालमा महतोको नागरिकता छानबिन गरेको थियो। आयोगले सर्लाही जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखी विवरण उपलब्ध गराउन निर्देशन दिएको थियो। त्यसबेला सर्लाही जिल्ला प्रशासन कार्यालयले माओवादी जनयुद्धको समयमा मलंगवा आक्रमण हुँदा रेकर्ड जलेर नष्ट भएको जवाफ फर्काएको थियो। सो समयमा महतो स्वास्थ्यमन्त्री थिए।

### सहरकै महिला बेचबिखनको जोखिममा

**नेपालगन्ज/रास-** मानव बेचबिखनविरुद्धको क्षेत्रमा क्रियाशील माइती नेपाल, नेपालगन्जले ग्रामीण क्षेत्रको भन्दा सहरकै महिला तथा बालबालिका बेचबिखनको जोखिममा रहेको जनाएको छ। शनिबार माइती नेपालले आयोजना गरेको एक कार्यक्रममा माइती नेपाल, नेपालगन्जका प्रमुख केशव कोइरालाले यस्तो बताएका हुन्।

(विस्तृत पृष्ठ ३ मा)

### भारतीय हवाई शिविरमा आक्रमण हुँदा ६ को मृत्यु

**नयाँ दिल्ली/एजेन्सी-** भारतको उत्तरी राज्य पन्जाबमा अवस्थित एक हवाई शिविरमा भएको आक्रमणमा कम्तीमा ६ जनाको मृत्यु भएको छ। सुरक्षा स्रोतलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले नयाँ वर्षको दोस्रो दिन पन्जाबको पथानकोट हवाई बल शिविरमा बिहान करिब ३:३० बजे बन्दुकधारीले आक्रमण गर्दा भएको दोहोरो गोली हानाहानमा सो हताहती भएको उल्लेख गरेका छन्।

(विस्तृत पृष्ठ ५ मा)

## मधेसी मोर्चा विभाजनको संघारमा

**विजय चाम्लिङ/राजधानी**
काठमाडौं, १८ पुस

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाभित्रको आन्तरिक विवाद छताछुल्ल भएको छ। मोर्चामा आबद्ध सद्भावना पार्टीले शनिबार छुट्टै आन्दोलन घोषणा गरेपछि मोर्चाको विवाद सतहमा देखिएको हो।

सद्भावनाको यो निर्णयसँगै मोर्चा विभाजनको अवस्थामा आइपुगेको छ। संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव र सद्भावना पार्टी अध्यक्ष राजेन्द्र महतोबिच हुँदै आएको विवादका कारण मोर्चाको भविष्य संकटमा परेको छ। यादव र महतोबिच जारी मधेस आन्दोलनका सम्बन्धमा सुरुदेखि नै मतभिन्नता र विवाद रहँदै आएको छ। स्रोतका अनुसार महतो वार्ता भंग गरी सडक आन्दोलन चर्काउनुपर्ने र मुलुकलाई गम्भीर समस्यामा फसाउनुपर्ने पक्षमा छन् भने यादव दुवै प्रक्रिया सँगै लाने पक्षमा उभिँदै आएका छन्। 'मोर्चाको हरेक बैठकमा दुईजनाबिच मतभिन्नता





**परामर्शविनै सद्भावनाद्वारा आन्दोलन घोषणा, महतोको नाटकमा साथ नदिने यादवको उद्घोष**

देखिँदै आएको छ,' मोर्चाका एक नेताले *राजधानी*सँग भने, 'तमलोपा अध्यक्ष महन्थ ठाकुरचाहिँ मध्यमार्गी भूमिका रहनुहुन्छ।'

मोर्चामा आबद्ध चार दलमध्ये सद्भावना पार्टी उग्र आन्दोलनको पक्षमा रहँदै आएको छ। सद्भावना अध्यक्ष राजेन्द्र महतो कडा रूपमा प्रस्तुत भएर मधेस आन्दोलनको जस एक्लैले लिन खोजेको आरोप पनि मोर्चाभित्रैका नेताहरूले यसअघि लगाएका थिए। यसअघि गत असोजमा पनि यी दुई नेताबिच आन्दोलनमा चीनको झन्डा जलाइएको विषयलाई लिएर चर्को विवाद भएको थियो। महतोका कार्यकर्ताले इनरुवामा चीनको झन्डा जलाएपछि सप्तरीमा बसेको मोर्चाको बैठकमा यादवले चीनको झन्डा जलाइएकोमा माफी माग्नुपर्नेमा जोड दिएका थिए भने महतोले भारतविरोधी नकारात्मक टीकाटिप्पणी नगर्न अनुरोधसहितको विज्ञप्ति बनाउनुपर्ने अडान लिएका थिए। यादव र महतोबिच अंगीकृत नागरिकताको विषयमा पनि विवाद रहँदै आएको छ। स्रोतका अनुसार महतो विवाह गरेर ल्याउनेबित्तिकै विदेशी बुहारीले नेपालको अंगीकृत नागरिकता पाउनुपर्ने र अंगीकृत नागरिकले वंशजकै सहर अधिकार पाउनुपर्ने पक्षमा रहेका छन् भने यादव बिहे गरेको भोलिपल्टै विदेशीलाई नागरिकता दिन नहुने पक्षमा छन्।

(बाँकी पृष्ठ २ मा)

## यसरी बन्दै छ एमालेको विभाग

### ३२ ओटै विभागको प्रारम्भिक नाम टुंगियो

**शुरोजंग पाण्डे/राजधानी**
काठमाडौं, १८ पुस

नेकपा एमालेले पार्टीका केन्द्रीय विभाग गठनको गृहकार्यलाई अन्तिम चरणमा पुऱ्याएको छ। नवौं महाधिवेशन सम्पन्न भएको करिब डेढ वर्षपछि विभागले पूर्णता पाउने गरी एमालेले गृहकार्य अन्तिम चरणमा पुऱ्याएको हो।

केन्द्रीय सचिवालयको निर्देशनअनुसार सचिव तथा संगठन विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले विभागीय प्रमुखहरूसँगको परामर्श र सहमतिमा २५ सदस्यीय विभागको प्रारम्भिक नामावली टुंगो लगाएका रहेका सचिव गुरुङले आफूले नेतृत्व गरेको विभाले मापदण्डका आधारमा विभागीय प्रमुखसँग बसेर प्रारम्भिक नामावली तयार पारिसकेको जानकारी दिए। 'संगठन विभागले तयार गरेको मापदण्डका आधारमा विभागीय प्रमुखसँग मिलेर कोटा पुऱ्याएर सदस्यहरूको लिस्ट तयार पारिएको छ,' गुरुङले भने, 'स्थायी समितिले छलफलबाट टुंग्याएर केन्द्रीय कमिटीबाट अनुमोदन भएपछि विभागले पूर्णता पाउनेछ।' नवौं महाधिवेशनको गुटबन्दीको प्रभाव विभाग गठनमा देखिने स्थितिलाई अन्त्य गर्न संगठन विभागले विभागीय सदस्यका लागि छुट्टै मापदण्डसमेत तयार पारेको थियो।

- **महिला पाँच, मधेसी र जनजाति दुई/दुई, दलितबाट एकजना**
- **सातओटै प्रदेशबाट कम्तीमा एक प्रतिनिधित्व अनिवार्य**
- **प्रमुखको सहमतिमा २५ जनाको रोस्टर तयार**

हुन्। एक सातापछि बस्ने स्थायी कमिटी बैठकले सचिवालयमार्फत प्रस्तुत हुने नामलाई अन्तिम टुंगो लगाएपछि एमालेको केन्द्रीय विभागले पूर्णता पाउनेछन्। २५ पुसमा बस्ने स्थायी समिति बैठकबाट विभाग गठन टुंग्याउने गरी संगठन विभागले गृहकार्य अन्तिम चरणमा पुऱ्याएको हो। नवौं महाधिवेशनपछि एमालेमा बनेका ३२ ओटा विभागले पूर्णता पाएसँगै एमालेका बेरोजगार ८ सय नेता तथा कार्यकर्ताले जिम्मेवारी पाउनेछन्। विभागले पूर्णता पाउनै लाग्दा सचिवका आकांक्षीहरूले पनि नेताहरूमार्फत आन्तरिक लबिङलाई तीव्रता दिइरहेका छन्। संगठन विभाग प्रमुखसमेत

सोही आधारमा प्रस्तावित विभागीय सदस्यहरूको प्रारम्भिक नामावली टुंग्याइएको पनि विभाग प्रमुख गुरुङले जानकारी दिए। संगठन विभागले सदस्यका लागि समावेशिताको कोटा छुट्ट्याएर मापदण्ड तयार पारेको थियो। जसअनुसार २५ सदस्यीय विभागमा सात प्रदेशबाट कम्तीमा एकजना अनिवार्य हुनुपर्ने, महिलाबाट पाँच, मधेसी र जनजातिबाट दुई/दुई तथा दलितबाट एकजना अनिवार्य प्रतिनिधित्व गराइनुपर्ने तर सदस्य बन्न योग्यता नपुगेको स्थिति भेटिए समावेशी कोटा रिक्त रहने मापदण्ड तयार पारिएको थियो।

(बाँकी पृष्ठ २ मा)

## 'जनयुद्ध' को गोरेटो खोज्दै चन्द माओवादी

**रामकृष्ण अधिकारी/राजधानी**
काठमाडौं, १८ पुस

एकीकृत जनक्रान्तिको कार्यदिशा अवलम्बन गर्दै सशस्त्र विद्रोहको तयारीमा जुटेको नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीले पूर्ववत् माओवादीकै शैलीमा कार्यक्रम गर्न थालेको छ। एकीकृत माओवादी नेतृत्वले क्रान्तिप्रति धोका र गद्दारी गरेको र नेकपा क्रान्तिकारी माओवादी अकर्मण्यतामा फसेको निष्कर्षसहित उसले विगत 'जनयुद्ध' कै गोरेटो पछ्याउन थालेको छ।

पार्टी केन्द्रीय समितिदेखि अन्य कतिपय कार्यक्रमलाई समेत 'अर्धभूमिगत' बनाएको चन्द माओवादीले अधिकांश नीति तथा कार्यक्रम जनयुद्धकालीन शैलीमै अगाडि बढाउन थालेको छ। स्रोतका अनुसार उसले



**महासचिवलगायतका केही नेता 'अर्ध भूमिगत'**
**आफ्नै संसद्, सरकार र न्यायिक विभागसम्म घोषणा**
**केन्द्रीय नेतादेखि कार्यकर्तासम्मलाई सैन्य तालिम**
**वैधानिक/अवैधानिक दुवै कार्यक्रममा जोड**

राज्यलाई 'टक्कर' दिन केन्द्रदेखि तल्लो निकायसम्मै समानान्तर ढंगले कार्यक्रम अगाडि बढाउने र राज्यसत्ता कब्जा गर्ने कार्ययोजना अघि सारेको छ।

नयाँ संविधानलाई पश्चगामी संविधानको रूपमा व्याख्या गर्दै संविधान घोषणाको अघिल्लो दिन २ असोजमा 'जनवादी संविधानका अन्तर्वस्तु' का नाममा उसले छुट्टै संविधानको समेत घोषणा गरेको थियो। विगत तिन महिनायता उसले संविधानदेखि सदन, सरकार, अदालत र सेनासम्म आफैंले समानान्तर ढंगले बनाउन थालेको छ। 'संसद्वादी दलहरूको राज्य संयन्त्रलाई अवैध घोषणा गर्दै राज्यका केन्द्रदेखि स्थानीय तहसम्मका सबै संरचनामा समानान्तर संरचना निर्माण गरेर अगाडि बढ्ने पार्टी नीति अहिले कार्यान्वयनको चरणमा छ,' चन्द माओवादीका एक नेताले भने।

उनका अनुसार नेकपा माओवादीले अहिले पार्टी नेतादेखि कार्यकर्ता तहसम्मले अनुसरण गर्नेगरी आफ्नै संविधान, आफ्नै संसद्, सरकार र अदालतसम्म बनाएर जाने नीति अख्तियार गरेको छ। गत मंसिर पहिलो साता चितवनमा उसले देशभरका छानिएका नेता तथा कार्यकर्ता, जवस मोर्चाका प्रमुखहरूको भेला गरी केन्द्रीय जनपरिषद्को घोषणा गरेको थियो।

चन्द माओवादीले १ सय ५१ सदस्यीय केन्द्रीय जनपरिषद् निर्माण गरेको छ। जसको सभाध्यक्षमा उमा भुजेललाई जिम्मेवारी दिइएको छ। त्यस्तै, माओवादीको जनपरिषद् संसद्अन्तर्गत नै रहने गरी जनसरकारको पनि घोषणा उसले गरेको छ।

केन्द्रीय सरकार प्रमुखमा सन्तोष बुढामगर र उपप्रमुखमा पदम राईलाई जिम्मेवारी दिइएको छ।

(बाँकी पृष्ठ २ मा)

## जनयुद्ध...

यी दुवै नेता नेकपा माओवादीको पोलिटब्युरो सदस्य हुन्। चन्द माओवादीले २७ सदस्यीय केन्द्रीय जनसरकारलाई विस्तार गरेर ३५ सदस्यीय बनाउने योजना बनाएको छ। विभिन्न जनवर्गीय संगठनका नेताहरू, जातीय/क्षेत्रीय मोर्चाका नेतासहितलाई समेटेर सरकार समावेशी प्रकारको बनाइएको ती नेताले *राजधानी*लाई जानकारी दिए।

त्यस्तै, केन्द्रीय स्तरमै पनि अदालतको काम हेर्ने गरी केन्द्रीय न्याय विभागको गठन गरेको छ। जसको जिम्मेवारी चूँडामणि वली 'आदर्श'लाई दिइएको छ। '१० वर्ष युद्ध लडेर नेपालको परिवर्तनकारी आन्दोलनलाई यो अवस्थासम्म ल्याइपुऱ्याउने माओवादीहरूलाई राज्यसत्तामा न्यायपूर्ण सहभागिताका सन्दर्भमा अन्याय भएपछि हामी नयाँ सरकार, सेना, अदालत सबै समानान्तर गठन गरेर फेरि जाग्दै छौं,' ती नेताले भने, 'त्यसैको शृंखलाबद्ध प्रयोग सरकार गठन, संविधान घोषणा, अदालत निर्माण हुँदै सेना निर्माणसम्मको चरणमा विकास हुँदै छ।'

चन्द माओवादीले समानान्तर सरकार, संसद्को मात्रै घोषणा गरेको छैन, यसको कार्य सञ्चालनका लागि सत्ता सञ्चालन निर्देशिका पनि बनाएको छ। कतिपय फौजी कारबाहीलाई अब बिस्तारै आफ्नै समानान्तर सरकार मातहत 'एक्सन'मा लैजाने तयारीमा चन्द माओवादी लागेको छ।

'आधा दर्जन क्षेत्रीय स्तरमा सरकारका तल्ला कमिटी निर्माण भइसकेका छन्,' ती नेताले *राजधानी*सँग भने, 'अब यसलाई केही समयभित्रै जिल्ला, क्षेत्र हुँदै गाउँ स्तरसम्मै विस्तार गर्नेछौं।'

चन्द माओवादीले आफ्ना समानान्तर सरकार गठन भएका स्थानमा जनअदालत पनि गठन गरेको छ। 'हाम्रो समानान्तर सरकार गाउँ स्तरसम्मै पुगेपछि भने स्थानीय निकायमा पुगेका बजेट होल्ड गर्ने र आफ्नो सरकार मातहत परिचालन गर्नेसम्मको नीति हामीले बनाएका छौं,' उनले भने।

माओवादीले पार्टीको शीर्ष नेतृत्व महासचिवदेखि पार्टीका तल्लो तहका कार्यकर्तासम्मलाई सैन्य तालिम पनि दिन थालेको छ। केही समय अघिदेखि उसले नेताहरूको कार्य विभाजन गरेरै देशका विभिन्न स्थानमा त्यस्ता सैन्य तालिमको व्यवस्थापन गरिरहेको बताइन्छ। सेना निर्माणका लागि उसले आवश्यक गृहकार्य गर्न पूर्वजनमुक्ति सेनाका सहायक डिभिजन कमान्डरसमेत रहिसकेका केन्द्रीय सदस्य उदयबहादुर चलाउनेलाई जिम्मेवारी दिएको छ।

त्यस्तै, पार्टी महासचिव लगायतका नेतालाई अर्धभूमिगत रहन निर्देशन दिएको छ। 'जनतामा नेताहरू फर्किने भन्ने निर्णयसहित पार्टी महासचिव सार्वजनिक कार्यक्रममा नजाने, आवश्यकताका आधारमा प्रवक्ता तथा स्थायी समिति सदस्य खड्कबहादुर विश्वकर्मा र अर्का स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला मात्रै जाने नीति पार्टीको छ,' ती नेताले *राजधानी*सँग भने।

विगतमा जनयुद्धकालीन माओवादीले जस्तै अहिले उसले कतिपय कामलाई वैधानिक/अवैधानिक दुवै रूपमा अगाडि बढाएको छ। पार्टीको केन्द्रीय योजनामै कतिपय फौजी कारबाही पनि उसले सुरु गरेको छ। 'झन्डै ३ सयको हाराहारीमा साना-ठुला जनकारबाही भइसकेका छन्,' चन्द माओवादीका ती नेताले भने, 'केन्द्रीय योजनामै आक्रमणहरू भइरहेका छन्, कतिपयको पार्टी प्रवक्ताले आधिकारिक रूपमा जिम्मेवारी पनि लिनुभएको छ।'

चन्द माओवादीको स्थायी समिति ३, पोलिटब्युरो १२ र केन्द्रीय समिति ५२ जनाको छ। उसले पार्टीका आन्तरिक सांगठनिक संरचनालाई एउटा अन्तर्राष्ट्रिय ब्युरोसहित आठओटा ब्युरो बनाएको छ।

## दुई लाख...

यसैगरी, मध्यमाञ्चलको दोलखाका ११, रामेछाप १२, रसुवाका २ र नुवाकोटका ३ गाविस जिल्ला खाद्य सुरक्षा सञ्जालहरूले प्रक्षेपण गरेअनुसार वर्तमान अवस्थामा चरण-३ को खाद्य असुरक्षा अवस्था भोगिरहेका छन्।

त्यसैगरी, मध्य स्तरका जिल्लामा अछाम १९, बैतडी १३, बझाङ २७, दार्चुला २०, डोटी १८, डोल्पा १६, हुम्ला १०, जुम्ला १६, कालिकोट २०, सल्यान १८, दैलेख १०, सुर्खेत १०, जाजरकोट ११, धादिङ ५, सिन्धुली २३, दोलखा २३, रामेछाप २२, रसुवा १२, नुवाकोट २८, काभ्रेपलाञ्चोक ३२, सिन्धुपाल्चोक ३३, ताप्लेजुङ १५ र खोटाङका ९ ओटा गाविस छन्।



*राजधानीमा शनिबार बृहत् ग्रामीण आवास डिजाइन प्रतियोगिताअन्तर्गत नक्सा बृहत् प्रदर्शनी अवलोकन गर्दै प्रधानमन्त्री केपी शर्मा ओली।* **तस्बिर सौजन्य : आनन्दराम डंगोल**

# मन्त्री र सचिवबिच अनिवार्य कार्य सम्पादन सम्झौता

**सविन शर्मा/राजधानी**
काठमाडौं, १८ पुस

सामान्य प्रशासन मन्त्रालयले सोचपत्र बनाएपछि मन्त्री र सचिवबिच अनिवार्य कार्य सम्पादन करार सम्झौता गर्नैपर्ने भएको छ। मन्त्री र सचिवबिच कार्य सम्पादन हुने सम्झौता नहुँदा काममा समस्या आउने गरेपछि यस्तो सम्झौता गरिन लागिएको हो।

निजामती कर्मचारी र मन्त्रीबिच विभिन्न समय असमझदारी उत्पन्न भई कार्य सम्पादनमै समस्या आउन थालेपछि सामान्य प्रशासन मन्त्रालयले सोचपत्रमा यस्तो व्यवस्था अनिवार्य कार्यान्वयन गर्नुपर्ने उल्लेख गरेको छ।

'निजामती कर्मचारी, विभागीय मन्त्री र मन्त्रालयका सचिवबिच कार्य सम्पादन करार सम्झौता लागू गर्ने नीति लिइने सोचपत्रले उल्लेख गरेको छ,' सामान्य प्रशासनमन्त्री रेखा शर्माले भनिन्, 'मन्त्री र सचिवबिचमै मतभेद उत्पन्न भई कार्य सम्पादनमा समस्या आउन थालेपछि अनिवार्य कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने हुन्छ।'

मन्त्रालयमातहतका विभाग, निर्देशनालय, आयोजना प्रमुख र कार्यालय प्रमुखसँग सूचकसहितको कार्य सम्पादन सम्झौता गर्नुपर्ने कानुनी व्यवस्था कडाइसाथ लागू गरिने सोचपत्रले समेटेको छ। कार्यस्थलमा कर्मचारीउपर हुनसक्ने शारीरिक, मानसिक तथा भौतिक हानिनोक्सानी पुऱ्याउने अवाञ्छित क्रियाकलापलाई निरुत्साहित गरी सुरक्षा प्रत्याभूति गरिने सोचपत्रमा उल्लेख छ।

निर्णय प्रक्रियामा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउन तथा त्यसबारे आवश्यक सूचना प्राप्त गरी कार्यक्षमता आँकलन र अभिलेख व्यवस्थापनमा सुधार गर्न प्रत्येक फाइलमा पञ्जिका अनिवार्य गरिने भएको छ। यसपछि फाइलबाट कागजात हराउने वा दुरुपयोग गरिने पद्धति र ढिलासुस्ती निरुत्साहित हुने अपेक्षा सामान्य प्रशासन मन्त्रालयले गरेको छ।

सोचपत्रमा कर्मचारी र मन्त्रीबिचको सम्बन्ध सधैं सुमधुर बनाउने कार्यमा सहयोग पुग्ने अपेक्षा गरिएको मन्त्री शर्माले जनाइन्।

'हाल केही निकायमा सञ्चालनमा रहेका दुई सिफ्ट सेवा प्रवाह समीक्षा गरी आवश्यकताका अधारमा निरन्तरता प्रदान गरिनेछ,' उनले भनिन्, 'चाप बढी भएका कार्यालयको सेवा कार्यालय विस्तार एवं काउन्टर थपका लागि सम्बन्धित निकायसँग समन्वयात्मक भूमिका निर्वाह गरिनेछ।'

शर्माका अनुसार विद्यमान सीमित निकायमा लागू गरिएको कार्य कुशलताका आधारमा प्रोत्साहन कार्यक्रमलाई नागरिकको प्रत्यक्ष सेवा प्रवाहमा प्रत्यक्ष संलग्न निकायमा वैज्ञानिक रूपमा क्रमशः लागू गरिनेछ।

'सेवाग्राहीप्रति उचित आदर र सम्मानसाथ प्रस्तुत हुने संस्कृति विकास गर्न हरेक कर्मचारीले शिष्टतापूर्वक सम्बोधन गर्ने गरी व्यवहार परिवर्तन गराउने कार्य प्रारम्भ गर्न उत्प्रेरित गरिनेछ,' सोचपत्रमा भनिएको छ, 'यसबाट सेवाप्रदायक र सेवाग्राही सम्बन्धमा सहज भई सेवा प्रवाह प्रभावकारी हुने अपेक्षा गरिएको छ। कर्मचारी, सेवाग्राही र अन्यबिच स्पष्ट पहिचान गराउन कर्मचारीले अनिवार्य तोकिएको पोसाक र परिचय पत्र लगाउनुपर्ने व्यवस्था गरिनेछ।' सम्पूर्ण सरकारी कार्यालयमा एक रूपता हुने गरी प्रत्येक सार्वजनिक निकाय र पदाधिकारीलाई स्तरअनुरूप कार्यालय व्यवस्थापनको स्पष्ट मापदण्ड निर्धारण गरी लागू गरिने सोचपत्रमा समेटिएको छ।

निजामती कर्मचारी कल्याण कोष नियमावली, ०७२ कार्यान्वयनमा ल्याइने मन्त्री शर्माको प्रतिबद्धता छ। उनका अनुसार कोष नियमावली कार्यान्वयनका साथै सुशासन तथा पदीय आचरणमा प्रतिबद्धता कायम गर्न शिक्षा, आवास तथा स्वास्थ्यजस्ता विषयमा सामाजिक सुरक्षा व्यवस्थापन र स्वास्थ्य सुनिश्चितताका लागि सामाजिक स्वास्थ्य बिमा कार्यान्वयनमा ल्याइनेछ।

यसबाट निजामती कर्मचारी प्रशासन चुस्त र दुरुस्त बनाउन सहयोग पुग्ने मन्त्रालयले अपेक्षा गरेको छ। मन्त्रालयले स्वास्थ्य बिमा कार्यक्रमका लागि केन्द्रमा निजामती कर्मचारी अस्पतालसहित स्थानीय स्तरमा रहेका सरकारी अस्पताल उपयोग गरिने भएको छ।

## मधेस आन्दोलनले...

पर्साको इनर्वा, सिरसिया, भिस्वा, जानकी टोला, ठोरी नाकाबाट अहिले वीरगन्ज इनर्वाका अच्छेलाल यादव, रामाकान्त यादव, जाट्टाधारी साह, हरिहर पटेललगायत दुई दर्जन तस्कर सीमावर्ती भारतीय सहर रक्सौल, सिक्टा, मैनाटार, नरकटियागन्जबाट किराना सामान, महँगो लत्ताकपडा, कस्मेटिक सामान खरिद गरी भन्सार नतिरी नेपाल प्रवेश गराएर स्थानीय व्यापारीलाई बिक्री गर्न सक्रिय छन्। उनीहरूले स्थानीय व्यापरीका साथै जिल्ला बाहिरसमेत तस्करीको सामान पठाउँदै आएको प्रहरी स्रोतले जनाएको छ।

यस्तै, पर्साकै ठोरी नाकाबाट अहिले दिनहुँ ठुलो मात्रामा पेट्रोलियम पदार्थ र कस्मेटिक सामग्री सिधै चितवन पुग्ने गरेको छ। बाराको सीमावर्ती भारतीय बजार आदापुर, छौडादानो, घोडासहन रौतहटको सीमावर्ती भारतीय बजार बैरगिनिया, चैनपुर र पर्साको भारतीय सीमावर्ती बजार रक्सौल, सिक्टा, भिस्वा, मैनाटारबाट तस्कर समूहले चिनी, खानेतेल, किराना सामग्री, लत्ताकपडा, कस्मेटिक सामान, पेट्रोलियम पदार्थ खरिद गरी नेपाल भित्र्याउँदा तेब्बर आम्दानी गरिरहेका छन्।

कलैया, वीरगन्ज, गौरलगायतका सहर बजारका व्यापारीहरू भन्सार तिरेर मालसामान ल्याउने अवस्था नरहेको भन्दै चोरबाटोको प्रयोग गरी तस्करहरूले भित्र्याएका लत्ताकपडा, कस्मेटिक, इलेक्ट्रोनिक्स सामान बेच्न बाध्य भएको बताउँछन्। 'लामो समयदेखिको आन्दोलन र नाकाको धर्नाले पसलका अधिकांश मालसामान सकिएको छ,' एक व्यापारीले भने, 'पसल नै बन्द गर्नुपर्ने अवस्था आएकाले दुई रुपैयाँ कमाउनका लागि तस्करबाटै मालसामान खरिद गरी बिक्री गर्नपरेको छ।'

सीमावर्ती भारतीय बजारमा रानी ब्रान्डको खानेतेल प्रतिलिटर १ सय ६० रुपैयाँ पर्ने गरे पनि बारा, पर्सा र रौतहटको बजारमा अहिले २ सय ४० रुपैयाँ प्रतिलिटरमा बिक्री हुने गरेको छ। त्यस्तै, स्थानीय व्यापारीले भारतीय बजारमा प्रतिकिलो ५० रुपैयाँ पर्ने चिनी प्रतिकिलो ७० रुपैयाँसम्ममा बिक्री गर्ने गरेका छन्। भारतीय सीमावर्ती सहरका पम्पमा प्रतिलिटर १ सय १० रुपैयाँ पर्ने पेट्रोल नेपाल भित्र्याउँदा २ सयभन्दा बढीमा बिक्री भइरहेको छ।

सशस्त्र प्रहरी सीमा सुरक्षा बल बाराका प्रमुख प्रहरी उपरीक्षक मोहन सिंह पहिलाको जस्तो निर्धक्क रूपले कारबाही गर्न नसकिने अवस्था रहेकाले तस्करी र कालोबजारी मौलाएको बताउँछन्। पर्सा र रौतहटको सीमा सुरक्षा बलका अधिकारीहरूको भनाइ पनि उस्तै छ। आन्दोलनरत मधेसी मोर्चामध्येका तमलोपाका महामन्त्री जितेन्द्र सोनल आन्दोलनको बेलामा भइरहेको तस्करीको साथै कालोबजारी रोक्नका लागि मोर्चा नै अग्रसर हुनुपर्ने बताउँछन्। स्थानीय स्तरमा छलफल चलाएर तस्करी र कालोबजारी नियन्त्रणमा लाग्नुपर्ने उनको भनाइ छ।

## यसरी बन्दै...

विभागको सदस्य बन्न कम्तीमा पार्टीको अञ्चल कमिटी तहको जिम्मेवारीमा रहिसकेको वा त्यसका लागि योग्यता पुगिसकेको वा जनवर्गीय संगठनको कम्तीमा पदाधिकारी तहमा रहेर काम गरिसकेको व्यक्ति योग्य हुने विभागले बनाएको मापदण्डमा उल्लेख छ। तर, विषय विज्ञको हकमा भने पार्टीको संगठित सदस्यता मात्रै अनिवार्य हुने गरी मापदण्ड बनेको छ। यसका अतिरिक्त विभागका सदस्यहरूका लागि आवेदन दिनेसहितको छुट्टै पाँच किसिमको लिस्ट पनि संगठन विभागले स्थायी समितिलाई बुझाउने भएको छ।

आठौं महाधिवेशनपछि बनेको विभागका सदस्यहरूको नामावली, विभिन्न अञ्चलबाट प्राप्त आवेदन दिनेहरूको नामावली, नवौं महाधिवेशनमा केन्द्रीय कमिटी र केन्द्रीय निकायको सदस्यमा पराजितहरूको नामावली, विभागीय प्रमुखहरूले सुरुमा पेस गरेको नामावली तथा विभागमा आवेदन दिएकाहरूको नामावलीसहितको पाँचथरी लिस्ट पनि स्थायी समितिमा पेस हुनेछ।

स्रोतका अनुसार सुरुमा विभागीय प्रमुखहरूले आफू निकटका मात्रै नाम बुझाएपछि केन्द्रीय सचिवालयले संगठन विभागमार्फत अन्तिम नाम टुंग्याएर ल्याउन निर्देशन दिएको थियो। आफूखुसी छानेर नाम दिने तर पछि सचिवालयले नाम काट्यो भन्दै विभागीय प्रमुख पन्छिने स्थिति देखिएपछि निश्चित मापदण्डका आधारमा संगठन विभागमार्फत नाम टुंग्याएर ल्याउन विभागीय प्रमुखलाई सचिवालयले निर्देशन दिइएको स्रोतको भनाइ छ।

विभाग तत्काल गठन हुने स्थिति देखिए पनि नयाँ संविधानअनुसार पार्टी विधान संशोधन र नयाँ प्रादेशिक संरचना बनाउनुपर्ने स्थिति देखिएपछि एमालेमा अब अञ्चल कमिटी नबन्ने भएको छ।

राष्ट्रिय प्रतिनिधि परिषद् गठनपछि प्रादेशिक संरचनाको कमिटी बनाएपछि मात्रै बेरोजगार रहेका बाँकी कार्यकर्ताले नयाँ जिम्मेवारी पाउनेछन्। तर, एक वर्षभित्र बनिसक्नुपर्ने परिषद् गठनको गृहकार्य अझै अघि नबढ्दा एमालेको संगठन परिचालनमा समस्या आउन थालेको नेता तथा कार्यकर्ताले टिप्पणी गर्न थालेका छन्।

# 'इलनिनो'ले दक्षिण एसियामै मौसम परिवर्तन

**राजधानी समाचारदाता**
काठमाडौं, १८ पुस

मौसम परिवर्तनका कारण मध्य जाडोको बेला पनि विश्वमै हिउँदे वर्षा हुन नसकेको मौसमविद्ले बताएका छन्। गत मनसुनको मौसमदेखि नै पृथ्वीमा 'इलनिनो'को प्रभावले मौसममा फेरबदल भएको उनीहरूले बताएका हुन्।

'पुसको सुरुआतसँगै मुलुकका विभिन्न ठाउँमा चिसो बढेर जनजीवन प्रभावित भएको छ,' मौसमविद् मणिरत्न शाक्यले भने, 'विशेष गरी नेपालको तराई क्षेत्र बढी प्रभावित भएको छ भने त्यहाँ बाक्लो हुस्सु लाग्नाले जनजीवन कष्टकर बनेको छ।'

यस्तो मौसमी गतिविधि नेपालमा मात्र नभई दक्षिण एसियाको विभिन्न स्थानमा देखा परेको उनी बताउँछन्। यस्तो हुनुको मुख्य कारण ती क्षेत्रमा केही दिनदेखि देखा परेको सक्रिय पश्चिम वायुको प्रभाव भएको उनले जानकारी दिए। 'सामान्यतया हिउँद यामको सुरुआतसँगै दक्षिण एसियामा पश्चिम दिशाबाट हावा चल्न थाल्छ,' शाक्यले भने, 'यस्तो हावा युरोप महादेशको चिसो भूभागबाट सुरु भई पूर्वतिर बहने क्रममा एसिया महादेशको उत्तरी भेगस्थित हिमालको बाटो हुँदै उत्तरी पाकिस्तान र उत्तर पश्चिम भारतबाट नेपाल भित्रने गर्छ।'

हिमालको बाटो हुँदै बहने भएकाले यो वायु अत्यन्त चिसो हुने र चिसो मौसम भित्रने उनले बताए। उनका अनुसार यसरी बहने पश्चिमी वायुको गतिमा अवरोध खडा भई वायुमण्डलीय चापमानमा ह्रास आए मौसम बदली भई वर्षा हुने गर्छ।

यस्तो प्रक्रियाबाट नेपाललगायत दक्षिण एसियाको विभिन्न स्थानमा हिउँद याममा कम्तीमा पनि तिन, चार पटक वर्षा हुने गर्छ। तर, यस वर्ष पुसको दोस्रो सातासम्म पनि यस्तो प्रक्रियामा कमीका कारण हिउँदे वर्षा हुन सकेको छैन।

अमेरिकी अन्तरिक्ष संस्था नासाले हाल चालु 'इलनिनो' मौसमको असर सन् १९९८ को जत्तिकै खराब हुने बताएको छ। सन् १९९८ मा इलनिनोका कारण विश्वको मौसम प्रणालीमा खलबली मच्चिएर विभिन्न खाले अतिशय मौसमी घटना भएका थिए।

अहिलेको इलनिनोलाई विभिन्न ठाउँमा आएका भीषण बाढी र उत्तरी ध्रुवको अति गर्मी अवस्थासँग जोडिएको छ। यो हरेक दुईदेखि सात वर्षमा हुने प्राकृतिक घटनाक्रम हो। इलनिनो वर्षको अन्त्यतिर मात्रै चरमोत्कर्षमा पुग्छ। जबकि, यसको असरचाहिँ त्यसपछिको वसन्त ऋतु हुँदै १२ महिना कायम रहन्छ।

'सन् १९९७ को डिसेम्बरदेखि यस्तै प्रवृत्ति देखिएको थियो। अहिले ठ्याक्कै त्यही छ,' नासाले भनेको छ, 'यो भनेको एउटा शक्तिशाली इलनिनो हो।'

नेसनल ओसनिक एट्मोसफेरिक एड्मिनिस्ट्रेसन, अक्वी वेदरजस्ता विश्वका विभिन्न स्थानको मौसमी गतिविधि अध्ययन गर्ने संस्थाबाट प्राप्त जानकारीअनुसार यस हिउँदमा विश्वका विभिन्न स्थानमा मौसमी गतिविधि सामान्य अवस्थाभन्दा फरक हुन सक्ने सम्भावना रहेको मौसमविद् शाक्यले जानकारी दिए। उनले भने, 'जसअनुसार चालु हिउँदमा एसिया महादेशका विभिन्न स्थानको उच्च पहाडी भेगमा हिमपात भएर चिसो मौसमी गतिविधि देखा परे पनि अन्य स्थानमा भने वर्षामा कमी आउन सक्ने सम्भावना छ।'

इलनिनोका कारण एसियाको दक्षिण पूर्वी भेगमा वर्षा अत्यन्त कम हुनेछ भने दक्षिण एसियामा पनि सामान्यभन्दा कम वर्षा हुने मौसमविद् राजेन्द्र श्रेष्ठ बताउँछन्। 'यसको मुख्य कारण सन् २०१४ को जाडोयाममा विश्वव्यापी रूपमा देखा परेको इलनिनोको प्रभाव निरन्तर रूपमा सन् २०१६ सम्म पनि सक्रिय हुने प्रक्रियालाई लिइएको छ,' उनले भने, 'यही इलनिनोको प्रभावका कारण नेपाललगायत दक्षिण एसियाका विभिन्न स्थानमा गएको मनसुन कालमा कम वर्षा भयो।'

# विद्यालय छाड्ने विद्यार्थी संख्या उस्तै

**राजधानी समाचारदाता**
ललितपुर, १८ पुस

ग्रामीण क्षेत्रमा बिचैमा विद्यालय छाड्ने विद्यार्थीको संख्यामा कमी आउन सकेको छैन।

कम उमेरमा हुने विवाहका कारण अधिकांश विद्यालय छाड्न बाध्य हुने गरेका छन्। तल्ला कक्षामा भर्नादर बढे पनि माथिल्ला कक्षासम्म पुग्दा कम हुने गरेको पाइएको छ।

प्युटारस्थित कालीदेवी उच्च माध्यमिक विद्यालयका प्राचार्य ठाकुर लामा कम उमेरमा हुने विवाहका कारण विद्यालय छाड्ने विद्यार्थीको संख्या कम हुन नसकेको बताउँछन्। 'यो समस्याका रूपमा रहे पनि हटाउन सकिरहेको छैन,' उनले भने, 'परिवारको सहमति र आफूखुसी विद्यालय उमेरमै विवाह गर्ने गरिएको पाइएको छ।'

बिचैमा पढाइ छाड्नेमा छात्रभन्दा छात्रा बढी छन्। 'केही छात्र परिवारको जिम्मेवारी भन्दै छाड्ने गर्छन्,' लामा सुनाउँछन्, 'विवाहबाहेक रोजगारीका लागि सहरी क्षेत्रमा अझ बढीले बिचैमा पढाइ छाड्ने गरेको पाइएको छ।'

वर्षमा झन्डै १० जनाले विवाहका कारण विद्यालय छाड्ने गरेका छन्। यो संख्या एक दशकयता कम हुन सकेको छैन।

## मधेसी मोर्चा...

नाकाबन्दी अझै कडा बनाउनुपर्ने पक्षमा रहेका महतो संघीय समाजवादी पार्टीको जिम्मेवारीमा परेको विराटनगर भन्सार खुकुलो पारिएको भन्दै आफैं सो स्थानमा धर्ना दिन गएका थिए। तर, महतो धर्ना बसेकै दिन प्रहरीसँगको झडपमा परी उनी घाइते भई हाल दिल्लीको मेदान्त अस्पतालमा थप उपचार गराइरहेका छन्।

घाइते महतोको सुरुमा विराटनगरमै उपचार गराइएको भए पनि त्यसपछि उनलाई धरान लगिएको थियो। त्यहाँबाट पनि थप उपचारका लागि उनलाई दिल्ली पुऱ्याइएको हो।

अस्पतालले अवस्था सामान्य रहेको बताए पनि महतो आफैं चिकित्सक बनेर दिल्ली गएका हुन्। यस घटनालाई महतोले सस्तो लोकप्रियताको लागि बिरामी भएको नाटक गर्नुको औचित्य नभएको भन्दै यादवले सार्वजनिक अभिव्यक्ति दिएका थिए।

शनिबार सद्भावनाले छुट्टै आन्दोलन घोषणा गरेपछि यादवका प्रेस सल्लाहकार महेश चौरासियाले फेसबुकमार्फत व्यंग्य पनि गरेका छन्। 'बेडमा पल्टीपल्टी गर्न मिल्ने सुविधाजनक आन्दोलन गजबको रहेछ, टिरिक मान्नैपर्छ,' चौरासियाले लेखेका छन्, 'सस्तो लोकप्रियताको अर्को शृंखला।'

सद्भावना पार्टीले शनिबार राजधानीमा पत्रकार सम्मेलन गरी १९ देखि २७ पुससम्मको छुट्टै आन्दोलन घोषणा गरेको थियो। पार्टी अध्यक्ष महतो दिल्लीमा रहेकाले सहअध्यक्ष लक्ष्मणलाल कर्णलगायत नेताहरूले अध्यक्ष महतोसँग टेलिफोनमै परामर्श गरी आन्दोलन घोषणा गरेका हुन्।

तर, यो आन्दोलन छुटै आन्दोलन नभएको सहअध्यक्ष कर्णले बताए। 'यो हाम्रो पार्टीको जनजागरण हो, छुट्टै आन्दोलन हुँदै होइन,' राजधानीसँग कर्णले भने, 'हामी मोर्चामै छौं र यसमा हामीले मोर्चालाई पनि सहभागी हुन आग्रह गरेका छौं।' सद्भावनाले आज (आइतबार) धार्मिक वा सार्वजनिक स्थलमा प्रार्थना सभा गर्ने, सोमबार २० पुसमा एक घन्टा मौन व्रत बस्ने, २१ पुसमा भित्ते लेखन, २२ पुसमा साइकलदेखि ठेलासम्ममा कालो झन्डा राख्ने एवं हातमा कालो पट्टी बाँध्ने र २३ पुसमा सहिदको सम्झनामा मैनबत्ती बाल्ने कार्यक्रम राखेको छ।

त्यस्तै, २४ पुसमा भारतसहित विश्वभर रहेका आफन्तलाई मधेस आन्दोलनबारे इमेल, फेसबुक म्यासेजमार्फत जानकारी दिने, २५ पुसमा अन्य दलका सांसदलाई पार्टी छाडेर आउन दबाब दिन हस्ताक्षर संकलन गर्ने, २७ पुसमा मधेस आन्दोलन १ सय ५० दिन पुगेकोमा एक दिन उपवास बस्ने प्रेस विज्ञप्तिमा उल्लेख छ।


**कम्पनीको नाम परिवर्तन भएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७२/९/१७

[illegible] **सि.जि. पेट्रोलियम नेपाल प्रा.लि. (C.G. Petroleum Nepal Pvt.Ltd.)** [illegible] सूचना प्रकाशित गरिएको छ।

[illegible] पेट्रोलियम कम्पनी नेपाल प्रा.लि.
[illegible], ललितपुर, [illegible]

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति : २०७२/०९/१९

साबिक मिरियड मार्केटिङ प्रा.लि. (दर्ता नं. ६३०८९) लाई यस कम्पनीको मिति २०७२/०६/११ मा बसेको वार्षिक साधारण सभाको निर्णय अनुसार यस कम्पनीको नाम **चियर्स इन्टरप्राईज प्रा.लि.** अंग्रेजीमा **Cheers Enterprise Pvt.Ltd.**मा परिवर्तन गरेको र श्री कम्पनीको रजिष्ट्रारको कार्यालयले मिति २०७२/०७/१३मा स्वीकृति समेत प्रदान गरेकोले साबिकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने व्यहोराको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

**बिजुली बचत तथा ऋण सहकारी संस्था लि.**
**कामपा-७ काठमाडौंको**
**छैटौं साधारण सभा सम्बन्धी सूचना**

यस बिजुली बचत तथा ऋण सहकारी संस्था लि.को सञ्चालक समितिको मिति २०७२/०८/२४ गते बसेको बैठकको निर्णयानुसार संस्थाको छैटौं साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णयका लागि सभाको आयोजना गरिएको हुँदा संस्थाका सम्पूर्ण शेयरधनी सदस्यहरूलाई उपस्थितका लागि पत्र पठाइसकिएको छ। उक्त पत्र समयमा प्राप्त नभएमा यसै सूचनालाई आधारमानी साधारण सभामा उपथितिका लागि हार्दिक अनुरोध गर्दछु।

**साधारण सभाको मिति, समय र स्थान**
**मिति:- २०७२/०९/२७ गते सोमबार**
**समय:- मध्यान्ह १२:०० बजे**
**स्थान: बिजुली बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय, चुच्चेपाटी, काठमाडौं।**

**साधारण सभा छलफलका विषयहरू**

१) संस्थाको तर्फबाट अध्यक्ष तथा कोषाध्यक्षद्वारा प्रस्तुत हुने वार्षिक प्रतिवेदन पारित गर्ने।
२) आ.व. २०७१/०७२ को वार्षिक लेखापरीक्षण प्रतिवेदन पारीत गर्ने।
३) आ.व. ०७२/०७३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने।
४) ऋण लगानी तथा बचतको ब्याजमा परिमार्जन गर्ने।
५) संचालन समिति तथा लेखा समितिको गठन गर्ने सम्बन्धमा।
६) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक समितिको तर्फबाट १ जना र शेयर सदस्यमध्येबाट १ जना गरी २ जना नियुक्ति गर्ने।
६) विविध

गोपाल कृष्ण जोशी
अध्यक्ष

## छोटकरी

### आइतबार निर्णायक वार्ता : दाहाल

**विराटनगर/रासस-** एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले मधेसी मोर्चासँग आज (आइतबार) निर्णायक वार्ता हुने बताएका छन्। विराटनगर विमानस्थलमा शनिबार सञ्चारकर्मीसँग उनले शुक्रबार मोर्चासँग औपचारिक, अनौपचारिक वार्ता भएको र महन्थ ठाकुरसँग पनि यस विषयमा छलफल भएको जानकारी गराए।

नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी मोर्चाबिच आइतबार हुने वार्ताको विषय र प्राप्त निष्कर्षमा आफ्नो पार्टीको सहमति रहेको उनले बताए। उनले संशोधन प्रस्तावमा समझदारी बन्दै गइरहेको र वैवाहिक अंगीकृत नागरिकताको विषयमा प्रचलित कानुन वा जे राखे पनि आफ्नो पार्टीको सहमति रहेको स्पष्ट पारे।

उनले सीमांकनको विषय जटिल भएकाले यसलाई राजनीतिक वा संसदीय समिति बनाएर तिन महिनाभित्र सहमति गर्ने विषयमा मधेसी मोर्चालाई लचिलो हुन आग्रह गरे।

### नेताको मूल्यांकनको बेला : सिटौला

**भीमदत्तनगर/रासस-** नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौलाले पार्टीको १३औं महाधिवेशनमा नेताहरूको मूल्यांकन हुने बताए।

शनिबार कन्चनपुरको भीमदत्तनगर स्थित कांग्रेस पार्टी कार्यालयमा आयोजित दुर्गादत्त जोशी स्मृति प्रतिष्ठानको घोषणा सभामा महामन्त्री सिटौलाले नजिकिँदै गरेको कांग्रेसको महाधिवेशनमा नेताहरूको मूल्यांकन गरेर कुर्सीमा पुऱ्याउन कार्यकर्तालाई आग्रह गरे।

यसैगरी नेपाली कांग्रेस देशकै अभिभावक रहेको धारणा राख्दै देशमा देखिएको नाकाबन्दी, भूकम्पपीडितको समस्या समाधानका लागि कांग्रेसले निकास खोज्न भूमिका निभाउनुपर्नेमा सिटौलाले जोड दिए।

### बंगरी सिँचाइको साधारण सभा

**बारा/रास-** प्रस्टोका-६ बेलहियास्थित श्रीनेरा उमाविमा बंगरी नदी सिँचाइ योजना जल उपभोक्ता समितिको प्रथम साधारण सभा सम्पन्न भएको छ।

साधारण सभामा आर्थिक वर्ष ०७१/७२ को कारोबार प्रस्तुत गरिएको थियो। आव ०७१/७२ मा समितिले विभिन्न शीर्षकमा १ लाख २६ हजार ५० रुपैयाँ आम्दानी गरेको छ भने विभिन्न शीर्षकमा १ लाख २३ हजार २५ रुपैयाँ खर्च भएको विवरण सार्वजनिक गरिएको छ।

समितिको साधारण सभामा प्रस्टोका गाविस-४, ५, ६, ७, ८, ९ र बंजरिया गाविस-७ र ८ का कृषकको सहभागिता थियो। सोही कार्यक्रमका १०३ वर्षीय ज्येष्ठ कृषक नन्कुह राउतलाई सम्मान गरिएको थियो। साथै, सोही गाउँनिवासी पत्रकार एवं प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य सुभाषप्रसाद साहलाई पनि सम्मान गरिएको थियो।

# राष्ट्रिय सहमतिको सरकार आवश्यक : खनाल

**राजधानी संवाददाता**
मोरङ, १८ पुस



नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनालले राष्ट्रिय सहमतिको सरकार आवश्यक रहेको बताएका छन्। नेकपा एमाले कोसी अञ्चल कमिटीले आयोजना गरेको अञ्चलस्तरीय कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता खनालले राष्ट्रिय सहमतिको सरकार गठनको आवश्यकता औंल्याएका हुन्। देशमा चलिरहेको अन्तर्विरोध हटाउन सबै दलबिच एकता आवश्यक रहेको जोड दिँदै नेता खनालले भने, 'राष्ट्रिय सहमति अनिवार्य चिज हो।' अन्तर्विरोध चर्केका बेला देशका सम्पूर्ण शक्तिलाई एकताबद्ध बनाउने कार्यनीति अपनाउनुपर्ने भन्दै उनले राष्ट्रिय सहमतिको सरकारमा जोड दिए। बाहिरी देशले चालेका गलत कदमविरुद्ध लड्न पनि राष्ट्रिय एकतालाई कार्यनीतिको रूपमा अघि बढाउनुपर्ने उनले तर्क गरे।

नेपालमा संविधान जारी भएको तेस्रो दिनदेखि नै भारतले गरेको अघोषित नाकाबन्दीले मुलुकमा संकट उत्पन्न भएको भन्दै नेता खनालले नाकाबन्दी अमानवीय र गलत कार्य भएको टीप्पणी गरे। यद्यपि यति लामो नाकाबन्दी हुँदा पनि नेपालीले मित्रवत् व्यवहार गरिरहेको भन्दै नेता खनालले भारतसँगको प्राचीन र मैत्री सम्बन्ध कामय राख्नुपर्नेमा उनले जोड दिए। उनले भने, 'हामी भारत होस् वा अन्य मुलुकसँग स्वतन्त्रसँग सम्बन्ध बनाउन चाहन्छौं।'

भारतले गरेको नाकाबन्दीले राष्ट्रमा संकटसँगै अवसर पनि प्रदान गरेको भन्दै नेता खनालले यसबाट शिक्षा लिएर विकल्पहरूको खोजी गर्नुपर्नेमा जोड दिए। नाकाबन्दीपछि कालोबजारी बढेको, मधेसमा शान्ति सुरक्षाको अवस्था कजोर भएको टिप्पणी गर्दै नेता खनालले नाकाबन्दीसँग जुध्न केही कदम चाल्नुपर्नेमा जोड दिए। उनले धैर्य र संयमता अपनाउँदै, परनिर्भरता घटाउनुपर्ने, आर्थिक सामाजिक क्रियाकलाप अघि बढाउनुपर्ने, चीनसँगको सम्बन्ध विस्तार गर्दै बंगलादेशबाट आयात गर्नेलगायत विकल्प तयार गर्नुपर्ने लगायतका कुरामा जोड दिनुपर्ने बताए। यस्तै तराईमा खस्कँदो शान्ति सुरक्षाको अवस्थालाई सुदृढ बनाउँदै डर र त्रासको वातावरणलाई अन्त्य गर्नुपर्नेमा जोड दिए।

नेता खनालले नेपालमा यस्तो संकट पहिलो पटक नभई चौथो पटक आएको भन्दै अहिलेको संकटलाई 'टु नेसन थेउरी' नेपालमा लागू गर्ने षड्यन्त्रको रूपमा व्याख्या गरे। उनले पाकिस्तान र श्रीलंकामा लगाउन खोजेजस्तै नेपालमा 'टु नेसन थेउरी' लगाउने षड्यन्त्र भइरहेकाले यसलाई परास्त गर्न सबै एकजुट हुनुपर्ने बताए। उनले यो थेउरी राष्ट्रिय एकता, स्वतन्त्रता र अखण्डताविरुद्ध रहेको भन्दै यसलाई लागू गर्न महन्थ ठाकुरलगायत नेताका लागि परेको आरोप लगाए। महन्थ ठाकुरलगायत मोर्चाका नेताले नेपालमा तराई र पहाडलाई दुई मुलुक हुनुपर्छ भन्दै आएको आरोप लगाउँदै नेता खनालले भने, 'त्यो एकदमै खतरनाक हो।'

नेता खनालले नेपालमा जारी भएको नयाँ संविधान सबैले मान्नैपर्ने बाध्यता रहेको बताए। 'संविधान मान्नै पर्छ, जस्तोसुकै दाबावले पनि पुनर्लेखन सम्भव छैन,' उनले भने, 'संशोधन हुनसक्छ, परिष्कृत हुन सक्छ।' संविधानप्रति केही असन्तुष्टि भए त्यसलाई संशोधनमार्फत समेट्नुपर्ने उनले बताए।

कार्यक्रममा एमाले नेता तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले मधेसका नाममा जारी आन्दोलन राजनीतिका लागि मात्रै रहेको टिप्पणी गरे। संविधानका विषयमा विभिन्न भ्रम फैलाउँदै हिँडेकाले त्यसलाई गाउँगाउँ पुगेर भ्रम चिर्न आवश्यक रहेको उनले बताए। संविधानले सबै जनताका माग सम्बोधन गरेको भन्दै तराईमा देखिएको असन्तुष्टि जनताको नभई मधेसका नाममा राजनीति गर्ने नेताको मात्र रहेको आरोप लगाए। उनले संविधानको विरोधमा फैलाइएको भ्रमका पछि नहिँड्न भन्दै उनले संविधान पल्टाएर अध्ययन गर्न आग्रह गरे।

नागरिकताको विषयमा नेपालको संविधान हदैसम्म उदार रहेको भन्दै नेता नेपालले मधेसी, दलित, महिलालगायत समान मात्रै नभई विशेष अधिकार दिएको जिकिर गरे। भारतले नेपाललाई लगाएको अघोषित नाकाबन्दीले नेपाली जनताले सास्ती बेहोरे पनि भारतप्रति हामीले मित्रवत् व्यवहार नै गरेका छौं भन्दै नेता नेपालले भने, 'हामी छिमेकीसँग छिमेकीकै व्यवहार गर्न चाहन्छौं।' विदेशी हस्तक्षेप स्वीकार्न नसक्ने, आन्तरिक मामिलामा उनीहरूसँग हारगुहार गर्दै उनीहरूबाट निर्देशन लिने काम नेपाली जनताले नरुचाउने भन्दै उनले मधेसी मोर्चाका नेतासँग नाकामा धर्ना दिने काम बन्द गरेर आन्दोलनको स्वरूप परिवर्तन गर्न आग्रह गरे। उनले भने, 'नाकामा धर्ना दिएर मधेसका जनतालाई सास्ती र देशका जनतालाई दुःख दिने काम नगर्नोस्।' नेता नेपालले व्यवस्थापिका संसद्मा संशोधन विधेयक दर्ता भइसकेकाले त्यसलाई चाँडै पारित गरेर असन्तुष्टिलाई सम्बोधन गर्नुपर्नेमा जोड दिए।

प्रदेश सीमांकनको विषयमा नेता नेपालले एमाले स्थानीय जनताको चाहनाबमोजिम अघि बढ्ने बताए। झापा, मोरङ र सुनसरीलाई टुक्र्याउनुपर्छ भन्ने अभिव्यक्तिप्रति लक्षित गर्दै उनले निकै संकटपूर्ण अवस्थामा रहेकाले यी जिल्लाका नागरिकले बोल्नुपर्ने बेला आएको बताए। 'मोरङ, सुनसरी र झापाका केही भू-भागलाई अर्कै प्रदेशमा गाभ्ने पनि कुरा भइरहेको छ, नेता नेपालले भने, 'म भन्छु तपाईंहरूलाई के लाग्छ, कता जाने तपाईंहरूको अधिकार हो, हामी पनि त्यही चाहन्छौं।'

कार्यक्रममा पार्टी सचिव भीम आचार्य, स्थायी समिति सदस्य शंकर पोखरेल, पोलिटब्युरो सदस्य भानुभक्त ढकाललगायत नेताले बोलेका थिए। कार्यकर्ता भेला आइतबार सम्पन्न हुने एमाले मोरङ अध्यक्ष महेश रेग्मीले बताए।

# सहरकै महिला बेचबिखनको जोखिममा

**रुद्र सुवेदी/राजधानी**
नेपालगन्ज, १८ पुस

मानव बेचबिखनविरुद्धको क्षेत्रमा क्रियाशील माइती नेपाल, नेपालगन्जले ग्रामीण क्षेत्रको भन्दा सहरकै महिला तथा बालबालिका बेचबिखनको जोखिममा रहेको जनाएको छ। शनिबार माइती नेपालले आयोजना गरेको एक कार्यक्रममा माइती नेपाल, नेपालगन्जका प्रमुख केशव कोइरालाले यस्तो बताएका हुन्।

माइती नेपाल, नेपालगन्जले यो वर्ष ५ सय ६६ जना जोखिमपूर्ण यात्रामा रहेकाको सीमा क्षेत्रबाट उद्धार गरी आवधिक गृहमा प्रवेश गराउँदै परिवारको जिम्मा लगाएको छ।

उनले जोखिम पूर्ण यात्रामा रही सीमा क्षेत्रबाट उद्धार गरी आवासगृहमा प्रवेश गराइएका सबैभन्दा धेरै बाँकेका महिला तथा बालबालिका रहेको जानकारी दिए। बाँकेका मात्र यो एक वर्षको अवधिमा ८१ जनालाई सीमाबाट उद्धार गरी परिवारको जिम्मा लगाइएको बताए।

उनले कोहलपुर नगरपालिकाका २४, नेपालगन्ज उप-महानगरपालिकाका ९ र बागेश्वरी गाविसका सात, बनकटवाका पाँच र कचनापुरका चार, नौवस्ता, चिसापानी र बैजापुरका ३/३ जना, खासकुस्मा, शमशेरगन्ज र टिटिहिरियाका २/२जना, हिरमिनिया, सोनपुर, साविकको पुरैनी, बेलभार, महादेवपुरी, इन्द्रपुरका १/१ जना गरी ८१ जनालाई उद्धारपछि गृहप्रवेश गराइएको बताए।

यसैगरी, दाङका ७६, सुर्खेतका ६८, सल्यानका ५९, बर्दियाका ५१, रुकुमका ४६, रोल्पाका ३६, जाजरकोटका २८, प्युठानका आठ, कैलालीका १२, कालीकोटका ६, अछामका पाँच र झापा, तनहुँलगायत अन्य जिल्लाबाट २१ गरी यो वर्ष ५ सय ६६ जनालाई परिवारको जिम्मा लगाइएको माइती नेपालको तथ्यांकमा उल्लेख छ।माइती नेपाल, नेपालगन्जको तथ्यांकअनुसार यो वर्ष ५ सय ६९ जनालाई मानवबेचबिखन र सुरक्षित बसाइँसराइबारे जानकारी दिएर पारिवारिक पुनर्मिलन गराइएको छ।

यसैगरी, सन् २०१५ मा ४ सय ६१ ओटा खोजतलासका उजुरी माइती नेपालमा परेकोमा तीमध्ये ५१ जना मात्र फेला परेका छन्। पछिल्लो समय बेचबिखनका उजुरी पनि बढ्दो क्रममा रहेको पाइएको छ। हराउनेमा बाँकेका १ सय ४५ रहेकोमा कोहलपुरका ३०, नेपालगन्जका २८, नौबस्ताका १४, बागेश्वरीका १०, बनकटवाका र सीतापुरका आठ अधिक रूपमा नगर क्षेत्र वा नगरोन्मुख गाविसका रहेका छन्।

दाङका ४४ जना हराउँदा तुलसीपुर नगरपालिकाका १९ र घोराहीका चारजना रहेका छन्। सुर्खेतबाट ७४ जना बेपत्ता हुँदा वीरेन्द्रनगरबाट मात्र २५ जना हराएका छन्।

सन् २०१४ मा बेचबिखनका पाँचओटा उजुरी परेकोमा यो वर्ष आठओटा उजुरी परेका छन्। पछिल्लो समय खोजतलासका उजुरी पनि बढ्दो क्रममा रहेको पाइएको प्रमुख कोइरालाले बताए।

अघिल्लो वर्ष २ सय ६२ ओटा खोजतलासका उजुरी परेकोमा अहिले यो संख्या बढेर ४ सय ६१ पुगेको छ। प्रविधिको विकाससँगै पछिल्लो समयमा बेचबिखनमा पनि चुनौती थपिएको कोइरालाले बताए। उनले भने, 'प्रविधिको विकाससँगै बेचबिखनका घटनामा पनि बढोत्तरी भएको पाइएको छ।'

सामाजिक सञ्जालका माध्यमबाट पनि बेचबिखनमा पर्ने गरेको भेटिएको उनले बताए। 'नाकाबाट उद्धार गरिएका कतिपय मोबाइल फोन र फेसबुकबाटै चिनजान भएर नजिकिएको भेटिएको पाइयो,' उनले भने, 'सामाजिक सञ्जालको बढ्दो दुरुपयोग पनि बेचबिखनको ठुलो कारक बनिरहेको छ।' उनले अशिक्षा र गरिबीका कारण मात्र नभएर पछिल्लो समय शिक्षित किशोरी र युवती पनि बेचबिखनमा पर्ने गरेको बताए।

# २७ गाविसमा न्यानोका लागि रकम बाँडियो

**राजधानी संवाददाता**
दोलखा, १८ पुस

१० दिनभित्र भूकम्पपीडितलाई न्यानो कपडा खरिदका लागि १० हजार रुपैयाँ प्रदान गर्न रकम दिनु भन्ने सरकारको आदेशपछि दोलखामा रकम वितरण तीव्र भएको छ।

आदेशको चौथो दिन शनिबार दोलखाका दुई नगरपालिका र २७ गाविसमा रकम बाँडिरहेको जिल्ला विकास समिति दोलखाले जनाएको छ। दोलखाका मिर्गे, लामीडाँडा, क्षेत्रपा बोच, मेलुङ, सुस्पा क्षमावती, काटाकुटी र भेडपु गाविसमा पनि आइतबारदेखि रकम वितरण गर्ने स्थानीय विकास अधिकारी सीता परियारले बताइन्।

स्थानीय विकास अधिकारी परियारले दोलखाका ४८ गाविस र दुई नगरपालिकका सबै बस्तीमा न्यानो कपडा खरिदका लागि हरेक परिवारलाई १० हजार रुपैयाँ सोमबारसम्ममा वितरण गरिसक्ने बताइन्।

दोलखाको लाँकुरी डाँडामा प्रमुख जिल्ला अधिकारी देवेन्द्र लामिछाने र स्थानीय विकास अधिकारी सीता परियारको उपस्थितिका रकम वितरण गर्ने जिविस दोलखाले जनाएको छ।

दोलखाका उत्तरी क्षेत्रका २२ गाविसका भूकम्पपीडितको तथ्यांकअनुसार रकम आएको र बाँकी गाविस र नगरका वडाहरूका लागि थप रकम माग गरेको परियारले बताइन्।

# खरखडाई काट्न खुला

**राजधानी संवाददाता**
बर्दिया, १८ पुस

खरखडाई काट्नका लागि बर्दिया राष्ट्रिय निकुञ्ज खुला गरिएको छ। पहिलो चरणमा तिन दिनका लागि निकुञ्जको पूर्वी सेक्टर बबई पुलदेखि पूर्वी क्षेत्र खरखडाईका लागि खुला गरिएको निकुञ्ज प्रशासनले जनाएको छ। निकुञ्जको पूर्वी मध्यवर्ती क्षेत्रका करिब १५ हजार उपभोक्ता निकुञ्जमा खरखडाई कटाइमा लागेका छन्।

पूर्वी सेक्टरमा यही १८ देखि २० पुससम्म तिन दिन खरखडाईका लागि निकुञ्ज खुला गरिएको निकुञ्जका निमित्त प्रमुख संरक्षण अधिकृत रमेशकुमार थापाले जानकारी दिए।

विगतका वर्षमा खरखडाईका लागि एकै पटक निकुञ्ज खुला गर्ने गरिएकोमा यस वर्ष भने पूर्वी र पश्चिम सेक्टरमा फरकफरक दिन निकुञ्ज खुला गरिएको छ। बबई पुलदेखि पूर्वी सेक्टरमा १८ देखि २० पुससम्म र पश्चिम सेक्टरमा २१ देखि २३ पुससम्म खरखडाईका लागि निकुञ्ज खुला गरिएको छ।

वन्यजन्तुको आवागमन, गस्ती र सुरक्षालाई मध्यनजर गरी यस वर्ष क्षेत्र छुट्याएर निकुञ्ज खुला गरिएको निकुञ्जका निमित्त संरक्षण अधिकृत रमेशकुमार थापाले बताए। निकुञ्ज प्रवेशका लागि ठाकुरद्वारा, मोतीपुर, पाताभार, गोला, आम्बासा, भुरिगाउँ, सैनवार, रम्मापुरलगायत ६० ओटा नाका खुला गरिएका छन्।

खरखडाईका लागि राजस्वबापत् प्रतिव्यक्ति २८ रुपैयाँ २५ पैसा र संरक्षण शुल्क १० रुपैयाँ ७५ पैसा गरी जम्मा ४० रुपैयाँ शुल्क कायम गरिएको छ।

खरखडाईबाट करिब ६ लाख रुपैयाँ राजस्व संकलन हुने निकुञ्जको भनाइ छ।

# कच्चा पदार्थ अभावले संकटमा पुर्ख्यौली पेसा

**कोकिला ढकाल/राजधानी**
इलाम, १८ पुस

ताप्लेजुङ ओलाङचुङगोलाका महिला घरमै बसीबसी सहजै महिनाको १० हजारभन्दा बढी कमाउँथे। यस स्थानका महिला पुर्ख्यौली पेसा गलैंचा बुनेर विदेशी मुद्रा आर्जन गर्दै आएका थिए। तर, पछिल्लो सयम कच्चा पदार्थमा देखिएको अभावले उनीहरू त्यसै दिन बिताउन बाध्य भएको बताउँछन्।

ताप्लेजुङको पर्यटकीय स्थल ओलाङचुङगोलामा मानव बसोबास सुरु भएसँगै यहाँका महिलाले गलैंचा व्यवसाय चलाउँदै आएका छन्। यो व्यवसायलाई उनीहरूका सन्तान दरसन्तानले पनि निरन्तरता दिँदै आएका थिए। तर, कच्चा पदार्थ अभावले हिजोआज पुर्ख्यौली पेसा कसरी जोगाउने भन्ने उनीहरूलाई पिर छ।

'अहिले कच्चा पदार्थ नपाएर हाम्रो व्यवसायकै अन्त्य हुन लाग्यो,' स्थानीय व्यवसायी डोमाछिरिङ शेर्पाले भनिन्।

शेर्पा जातिको मात्र बसोबास रहेको ओलाङचुङगोला बजारमा ६८ परिवार व्यावसायिक रूपमा गलैंचा बुन्ने गर्छन्। चीन सरकारले ओलाङचुङगोलादेखि तिप्ताला भन्ज्याङ हुँदै तिब्बतको रिउ जाने नाका बन्द गरेपछि गलैंचा व्यवसाय संकटमा परेको हो। यो नाका हुँदै गलैंचा बन्ने कच्चा पदार्थ ऊनीको धागो, रङ, तान (थाक्ला) लगायत कच्चा पदार्थ आउने गरेको थियो।



*ताप्लेजुङको लेलेप गाविसको फलेमा बस्ने महिलाहरू गलैंचा बुन्दै।*

यहाँका प्रत्येक घरमा गलैंचा बुन्न एउटादेखि चार ओटासम्म तान जडान गरिएका छन्। अधिकांश घरमा गलैंचा सबै तानबाट उत्पादन हुन्छन्। वर्षमा हजारभन्दा बढी गलैंचा उत्पादन हुने गरेको व्यवसायी बताउँछन्। ओलाङचुङसँगै फले र घुन्साका महिला पनि फुर्सदमा घरमा लगाएको तानमा गलैंचा बुन्न व्यस्त हुन्छन्। कच्चा पदार्थ ल्याउनै मुस्किल पर्ने भएकाले तयार भएका गलैंचाको मूल्य पनि बढी नै पर्न थालेको फलेस्थित फुपुडोमा शेर्पा बताउँछिन्। बर्सौंअघि तिब्बतियन शरणार्थीका रूपमा आएका फलेका २५ परिवार प्रायः गलैंचा बुन्ने गर्छन्।

एउटा गलैंचा बुन्न १० दिनसम्म लाग्ने र कच्चा पदार्थ हुँदा महिनाको ६ ओटासम्म गलैंचा बुन्ने गरेको फलेकै पेमा भोटे बताउँछिन्। एउटा एउटा गलैंचाको मूल्य आकार हेरेर २ हजार ५ सयदेखि १५ हजार रुपैयाँसम्म पर्ने गर्छ। ओलाङचुङगोलाबाट मात्र करिब ५० लाख रुपैयाँबराबरको गलैंचा वार्षिक रूपमा निर्यात हुँदै आएको छ। यहाँ उत्पादित गलैंचाको मुख्य बजार चीन हो। काठमाडौं र तिब्बतस्थित अलाभा जिल्लाको सदरमुकाम तथा युरोपियन मुलुक, अमेरिका, जापानमा पनि यहाँको गलैंचा निर्यात हुने गरेको छ।

घरेलु रूपमा उत्पादन हुने गरेका गलैंचा र राडीपाखीको उत्पादनमा जोड दिन र कच्चा पदार्थको सहज उपलब्ध गराउनुका साथै बजार व्यवस्थापनका लागि पहल गर्न आग्रह गरेका छन्। ओलाङचुङगोला मात्र होइन जिल्लामा उत्पादन हुने राडीपाखीलगायत सामग्रीको आम्दानीले देशकै अर्थतन्त्रमा पनि टेवा दिने भएकाले सहज रूपमा यसको कच्चा पदार्थ उपलब्ध गराइदिन सरकारसँग व्यवसायीको माग छ।

# लुम्बिनी एक्स्पोको आकर्षण च्याउको मःम

**विनोद परियार/राजधानी**
रूपन्देही, १८ पुस




सधैं कुखुरा, खसी वा गोभीलगायतको मःम खाने गरेका रूपन्देही शंकरनगरका अर्जुन भण्डारीले शनिबार च्याउबाट बनाइएको मःमको स्वाद चाखे। 'च्याउबाट पनि मःम बन्दो रहेछ, बल्ल थाहा पाइयो,' बुटवलमा सञ्चालित लुम्बिनी एक्स्पो, अन्तर्राष्ट्रिय व्यापार मेलामा कृषि पेभेलियनमा रहेको स्टलमा उनले आफ्ना लागि यो परिकार नौलो भएको सुनाए। भण्डारी जस्तै मेलाको अवलोकन गर्न आउने धेरै उपभोक्ताले च्याउको मःमको स्वाद चाखिरहेका छन्।

स्पिन्जर च्याउ फर्म एन्डर रिसर्च सेन्टर गजेडी-२ बेलभरिया रूपन्देहीले यसपटकको मेलामा च्याउको मःमसँगै च्याउबाट बनाइएका पकौडा र च्याउको अचार बिक्री गरिरहेको छ। त्यति मात्र नभई च्याउको बिउसमेत उपलब्ध गराएको छ।

पहिलो पटक मेलामा च्याउको मःम पाउँदा दर्शकले निकै मन पराएको फर्मका सञ्चालक गंगाधर शर्माले जानकारी दिए। च्याउको प्रवर्द्धनसँगै च्याउबाट पनि आत्मनिर्भर बन्न सकिने भन्दै मेलामा च्याउका परिकार राखिएको उनले बताए।

उनले स्वदेशमै गरे सबै कुरा सम्भव भएको भन्दै मेलामा च्याउको प्रदर्शनबाट युवा पुस्तालाई यसको खेतीतर्फ आकर्षित गर्न सकिने अपेक्षा व्यक्त गरे। 'उपभोक्तालाई आकर्षित गर्न नै मैले स्टल राखेको हुँ,' उनले भने।

मेला आयोजक रूपन्देही व्यापार संघका महासचिव डिल्लीराज भण्डारीले कृषिलाई निर्वाहमुखी नभई व्यावसायिक बनाउने लक्ष्यसहित मेलामा कृषि पेभेलियन बनाइएको र त्यहाँ सहभागी कृषिजन्य उत्पादन र कृषकबाट धेरैले लाभ लिनसक्ने बताए। मेलामा बनाइएको कृषि पेभेलियनमा कृषिसँग सम्बन्धित ७० ओटा स्टल राखिएका छन्।

यसैबिच मेला सञ्चालनको ११औं दिन शनिबार ७५ हजार दर्शकले मेलाको अवलोकन गरेको मेला सचिवालयले जनाएको छ। सार्वजनिक बिदा भएका कारण दर्शकको संख्या अघिल्लो दिनको तुलनामा बढ्न गएको हो। यसअघि शुक्रबार ३० हजार दर्शकले मेलाको अवलोकन गरेका थिए।

मेलामा शनिबार मात्रै करिब साढे ३ करोड रुपैयाँको आर्थिक कारोबार भएको छ। सांस्कृतिक कार्यक्रमअन्तर्गत शनिबार राष्ट्रिय लोकदोहोरी गायक चन्द्र शर्मा, प्रचण्ड जिसी, लोकसांस्कृतिक मञ्चको भजन, पलपसा डंगोल, शूरवीर पण्डित, मञ्जु पौडेल, आकांक्षा बस्याललगायतको प्रस्तुति रहेको थियो।

## सम्पादकीय

# बेलहिया जोखिमको सन्देश

भारतको चार महिनादेखिको अघोषित नाकाबन्दीबाट नेपालमा बढ्दो इन्धन अभावको मौका छोपी इन्धनको कालोबजारी र तस्करी गर्नेहरू पनि बढ्दै गएका छन्। यसमा एकातिर राज्य पक्षको जिम्मेवारीपूर्ण क्रियाशीलता लगभग शून्य देखिन्छ भने तस्कर र कालोबजारीमा संलग्नहरूमा पनि इन्धनजन्य जोखिमबारे अनभिज्ञता देखिन्छ। हालै राष्ट्रिय मानव अधिकार आयोगको अनुगमन टोलीले पूर्व र पश्चिमका सीमानाकाको अनुगमनपश्चात् ती क्षेत्रमा पेट्रोल, डिजेल, ग्याँसलगायतका इन्धनको जोहो गर्ने र 'ब्ल्याक'मा बेच्ने क्रम बढिरहेको हुँदा भण्डारण गरिएका इन्धन विस्फोट वा आगजनी भएमा ठूलो धनजनको क्षति बेहोर्नुपर्ने औंल्याएको छ। यो अवस्था भारतसँग जोडिएका करिब डेढ दर्जन सीमानाकामा हुन सक्छ।

नाकाबन्दीपछि राजधानी उपत्यकालगायतको जनजीवनलाई केही मात्र भए पनि सहज बनाउन तस्करी र कालोबजारीबाट आएको इन्धनले सहयोग अवश्य गरेको छ, यद्यपि, यो कार्य गैरकानुनी हो। गैरकानुनी तवरबाट भइरहेका कुनै पनि गतिविधिमाथि नियन्त्रण गर्नु राज्यको दायित्व हो। तर, राज्यका जिम्मेवार निकायहरूले नै तस्करी र कालोबजारीलाई देखेका छैनन् वा 'आँखा चिम्लिदिएका' छन्। योभन्दा निरीहता र गैरजिम्मेवारी राज्यको प्रशासन सञ्चालनको जिम्मा लिएकाहरूको अरू के हुन सक्ला ? रूपन्देहीका प्रमुख जिल्ला अधिकारीले आयोगको टोलीसँग दिएको बयानमा 'आँखा चिम्लिदिएको' बताउनुले आमजनताले शंका गर्दै आएको तस्करी र कालोबजारीमा राजनीतिक दलहरू र राज्य संयन्त्रको समेत संलग्नतालाई पुष्टि गर्दैन र ? यदि, यसो होइन भने कानुनको पालना गराउनुपर्ने निकाय र जिम्मेवार अधिकारीले तस्करी र कालोबजारी भएको देख्दादेख्दै वा थाहा पाउँदापाउँदै 'आँखा चिम्लिदिन' मिल्छ ?

अहिले सीमानाकाका अधिकांश घरमा १०० देखि १० हजार लिटरसम्म पेट्रोल र डिजेल तथा सोही अनुपातमा ग्याँस भण्डारण गरिएको पाइएको छ। यदि, कुनै कारणवश ती इन्धन, जुन अति प्रज्ज्वलनशील हुन्छन्, विस्फोट भएमा वा आगजनी भएमा त्यस क्षेत्रका धेरै ठूलो जनसंख्या र घर तथा उद्योग, कलकारखानामा क्षति पुग्न सक्छ। यसर्थ, इन्धनजन्य सम्भावित जोखिमबाट बच्ने र बचाउने उपायतर्फ सरकार र सरकारी संयन्त्रले बेलैमा ध्यान दिनु जरुरी छ। त्यसो त यस्ता जोखिमपूर्ण कार्य नगर्नका लागि प्रेरित गर्ने गरी सचेतनामूलक कार्यक्रम ती क्षेत्रमा सञ्चालन गर्नु पनि आवश्यक छ। सँगसँगै यस्ता कार्यमा संलग्नहरूले पनि सम्भावित जोखिमलाई बेवास्ता गर्नुभन्दा सुरक्षित हुनेतर्फ सोच्नु जरुरी छ। यी सबैभन्दा महत्त्वपूर्ण कुरा अभाव र नाकाबन्दीलाई अवसरका रूपमा लिँदै कालोबजारी र तस्करीमा संलग्नहरूलाई कानुनी दायरामा ल्याई तस्करी र कालोबजारीमार्फत ल्याइने इन्धन कब्जामा लिने हो भने यसबाट हुन सक्ने सम्भावित जोखिमबाट त बच्न सकिन्छ नै, यही मौकामा सुरु भएको कालोबजारी र तस्करीको निरन्तरतामा पनि धक्का पुगी मुलुकमा स्थापित हुन सक्ने 'तस्करराज'को पनि अन्त्य हुन सक्नेछ। तर, राज्य संरक्षित कालोबजारीमा अझै पनि आँखा चिम्लिरहने हो भने त्यसले जन्माउने समानान्तर 'कालो अर्थतन्त्र'ले मुलुकलाई कहाँ पुऱ्याउला ? अहिले नै सोच्नु जरुरी छ।

# भएको छैन विरोधको बेला



■ डा. अतीन्द्र दाहाल

नेपालले संघीय गणतान्त्रिक संविधान बनाएवापत भोग्नुपरेको अमानवीय र लामो नाकाबन्दीसँगै आन्तरिक राजनीतिका अन्य विविध अनिर्णयताका कारण आमनागरिक तुलनात्मक रूपमा निकै निराश छन्। व्यग्र प्रतीक्षा र लामो संघर्षपछि संविधान निर्माण भएसँगै नागरिकमा उच्च उत्साह सञ्चारित थियो। देशले राजनीतिक अस्थिरता र अकर्मण्यतालाई अन्त्य गर्दै आर्थिक विकास अनि सामाजिक सभ्यताको उन्नयन गराउने आशा थियो। राजनीतिक दलदल र स्वार्थको बर्बरताभित्र नागरिक आशालाई सहिद बनाउने राजनीतिक परिपाटीको समूल अन्त्यको आकांक्षा पनि थियो। देश नवनिर्माण र स्वर्णमार्ग यात्राको एक आधारबिन्दु बन्ने सपना थियो। विभिन्न समयमा बाँडिएका देशलाई सिंगापुर, स्विट्जरल्यान्ड, थाइल्यान्ड, हङकङ बनाउने भन्ने सपनाको वास्तविक बिजारोपण हुने आशा थियो। खेतबारी बेचेर हतारहतार कोरिया, कतार धाउने बाध्यताले बेरिएका आमयुवालाई ऊर्जा र आशाले सिञ्चित गर्ने अपेक्षा थियो।

आशा र अपेक्षाहरू अधुरै हुने नियति नेपालीले भोग्न थालेको सात दशक भइसकेको छ। यो संविधान निर्माण हुनै लाग्दा मधेसका केही नेताको झोँकमा आन्दोलन सुरु भयो। थुप्रै स्वर्णिम सपनाको अवतरणपूर्व नै मृत्युवरण गर्ने/गराउने काममा देशका नेताको एउटा समूह कुनै गलत उद्देश्यमा झुक्कियो। पात्रो पल्टियो तर पद्धति पल्टिएन। नयाँ संविधान त बन्यो तर सोच नयाँ बन्न सकेन र हामी फेरि अड्कन थाल्यौं।

यद्यपि, संविधान लागू भएपछि अनि संविधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा निर्वाचित भएपछि केही नयाँ महत्त्वका आशा पुनः चुलिए। फगत विकास मात्रबाट ठूलो फड्को मार्दै स्वाभिमानसहितको आत्मनिर्भरताको विकासको चेतना आमनागरिकको मस्तिष्कसम्म गड्न पुग्यो। जुन असहजता र अप्ठ्यारो झेलेर ओली प्रधानमन्त्री भए, त्यसबाट आमनागरिकले एउटा नयाँ इतिहास सुरुआत हुने आशा गर्नु स्वाभाविक थियो। उनको विजयलाई यस्तै आकांक्षा भरिएका सद्भाव र सन्देशका शब्द उनिएका माला पहिराउने भीड सामाजिक सञ्जाल, पत्रपत्रिका, छापा, समाचार र सामान्य भलाकुसारीका सबै स्थानमा अधिक प्रधानतासहित देखियो। तिनै प्रियताले भरिएका ओलीको अहिले आएर व्यापक आलोचना हुन थालेको छ। सामाजिक सञ्जालमा ओली सरकारको उछितो काड्ने नागरिकदेखि सार्वजनिक ठाउँमा विरोध गर्ने नेताहरू पनि टन्नै छन्। एउटै प्रयोगकर्ताले 'सरकारले ग्याँस नभए दाउरा त बाँड्न सक्थ्यो नि !' भनेर लेखेको अनि दाउरा बाँडेपछि 'सरकारले ग्याँसको सट्टा दाउरा बाँड्यो, अब डाक्टरको सट्टा झाँक्री पठाउँछ जस्तो छ'सम्म लेख्न भ्याएको पनि भेटियो। केपी ओलीले सोचेअनुसारको काम त पक्कै गर्न सकेका छैनन्। आफैँले गरेका केही महत्त्वाकांक्षी घोषणा र ती मुद्दामा अलिकति पनि काम नहुनुले सामान्य नागरिकको नजरमा उनी अझै बिचरा देखिनु स्वाभाविक हो। तर, अहिल्यै उनको आलोचना गर्ने बेला भइहालेको छ कि छैन भन्ने विषय आफैंमा महत्त्वपूर्ण छ।

प्रधानमन्त्री ओलीले केही स्वागतयोग्य काम त गर्न सकिरहेका छैनन्, तर भएका र भनिएका गल्तीहरूचाहिँ केवल उनी मात्रका कारणले उत्पन्न भएका अवश्य होइनन्। ती समस्याको सामधान केवल उनले मात्र चाहेर पनि हुँदैन। जसले बाहिर उनको धेरै आलोचना गर्छ, भित्रभित्रै त्यही समूह कतै ओलीले राम्रो गरे आफ्नो अस्तित्व धरापमा पर्ने त होइन भनेर उग्र असहयोग र व्यवधान सिर्जना गरिरहेछ।

**प्रधानमन्त्री ओलीले केही स्वागतयोग्य काम त गर्न सकिरहेका छैनन् तर भएका र भनिएका गल्तीहरूचाहिँ केवल उनी मात्रका कारणले उत्पन्न भएका अवश्य होइनन्। ती समस्याका सामधान केवल उनले मात्र चाहेर पनि हुँदैन। जसले बाहिर उनको धेरै आलोचना गर्छ, भित्रभित्रै त्यही समूह कतै ओलीले राम्रो गरे आफ्नो अस्तित्व धरापमा पर्ने त होइन भनेर उग्र असहयोग र व्यवधान सिर्जना गरिरहेछ।**

मोही मागिरहेछ र ढुंग्रो लुकाइरहेछ। तसर्थ, कटाक्ष र विरोधको बेला अहिल्यै भएको छैन। ओली सरकारले मुलुकको स्वाभिमान जोगाउन गरेको योगदानलाई कमजोर आँक्न मिल्दैन। विरोधका स्वरहरू कतै ओली बिदेसीसामु झुकेनन् भन्नेतर्फ त होइनन् ? यसतर्फ आमनागरिक सचेत हुन जरुरी छ।

भूकम्प पीडितको विषयमा पनि अघिल्लै सरकारले प्रशस्त काम गर्न सक्थ्यो। यो अहिलेसम्म पर्खनु र लम्बिनुपर्ने विषय हुँदै होइन। अमेरिकामा आएको आँधी 'स्यान्डी' तिन दिनमा व्यवस्थापन भयो। नेपालको भुइँचालोभन्दा झन्डै तिन गुणा बढी क्षति हुने गरी सन् २०११ मा जापानको फुकुसिमामा आएको सुनामीको सम्पूर्ण असर चार महिनामा सामान्य भयो। भूकम्पपछि ६ महिनासम्म नेपाली कांग्रेसको सरकार देशमा थियो, उसैले यो समस्याका सम्पूर्ण पक्ष निराकरण गर्न सक्थ्यो। तर, उसले भूकम्प पीडितका लागि केही गर्दै गरेन। पीडामा रहेका नागरिक मरे मर भनेर छाडिदियो। मधेस समस्या पनि ओलीको सत्ता आरोहणपहिल्यै आएको हो। ओलीले थोपरेको समस्या हुँदै होइन। यद्यपि, मधेस आन्दोलन अहिले त्यहीँको नेतृत्वलाई पनि काउसो भएको छ। आन्दोलनमा नागरिक आएका छैनन्। यसले धरातल गुमाउँदै गएको छ, थोरै आन्दोलन र धेरै आतंक पनि बनेको छ। आन्दोलन लामो बन्दै जाँदा आत्मीयता कमजोर हुँदै गएको छ। मधेसका नेताले आन्दोलन जित्ने र निर्वाचनचाहिँ कहिल्यै नजित्ने मोडमा जाँदै छ। नागरिकको खास व्यक्तिगत विकास र पेसागत वृत्तिमा मुख्य भूमिका राख्ने समानुपातिक प्रतिनिधित्वको विधेयक संसद्मा छलफलमा छ। औपचारिक रूपमा आन्दोलनको बिसर्जन गर्दा जस कसले लिने ? भन्ने लडाइँ अहिलेको मुख्य बाधा बनेको छ।

यो आन्दोलनलाई सम्बोधन गर्दा आफ्नो भूमिका देखाउन सके नेपालमा बढेको भारतविरोधी भावना कम हुने आशामा उसले मध्यस्थताको भूमिका खोजेको हुन सक्छ। त्यसो हुन सके अन्तर्राष्ट्रिय रूपमा समेत उसमाथि नेपालमा नाकाबन्दी नगरेको सन्देश दिन सहयोग पुग्ने आँकलन छ। कांग्रेस जस आफूले लिन सके सुशील कोइरालाले सहमतिको राजनीतिलाई तिलाञ्जली दिएर भारतको आड-बलमा प्रधानमन्त्रीमा उम्मेदारी दिएको भनेर नागरिकले गरेको आशंका अनि त्यसका आधारमा बढेको बेइज्जतीलाई अलिकति क्षतिपूर्ति गर्ने आशामा छ। अरू शक्तिलाई मधेसविरोधी देखाएर आफूले जनाधार निर्माण गर्ने आशा राख्छ, जसले मधेस समस्यालाई तत्काल सुल्झन दिँदैनन्।

समस्या छिट्टै सामाधान गरेर नागरिकलाई खुसी दिन ओलीको पनि आशा त अवश्य थियो होला। उनी पहिलो पटक सत्तामा गएको सरकारले एक सुवर्ण इतिहास कायम गरेको र आमनागरिकको आकर्षण बनेको सायद उनले पनि बिर्सिएका छैनन्। अनि आफैँले नेतृत्व गरेको सरकारलाई त्योभन्दा सशक्त र जनउपयोगी काम गराउने इच्छा सायद उनमा पनि हुँदो हो। मधेसवादी दलका नेताहरू संसदमा गएर ओलीविरुद्ध मतदान गरेका कारण ओलीले जतिसुकै लचकता अपनाए पनि उनीसँग सहमति गर्न चाँहदैनन्। अनि कांग्रेस यही बहाना बनाएर सरकारको बिस्थापन खोजिरहेको छ। तर, पूर्वाग्रह साँधेर उब्जाइएका यी दुवै पक्ष घातक छन्। भोलि पनि ओलीको समर्थन र स्वीकृतिबेगर संविधानको संशोधन सहज हुँदैन अनि अहिले सरकार गिराइहाले ओलीमाथिको सद्भाव अझै बढ्छ। ओलीले केही गर्लान् कि भनेको गर्नै दिएनन् भन्ने सहानुभूतिले सघनता लिन्छ। तत्काललाई घाटा भए पनि पछिल्लो चुनावमा त्यसले राजनीतिको अंक गणितलाई अर्को तवरबाट बदल्छ अनि घाटा अहिले ओलीलाई असहयोग गर्नेहरूलाई नै हुन्छ।

नागरिक अपेक्षित काम गर्नचाहिँ प्रशस्त समय चाहिन्छ। सिंगापुरमा ली क्वानले ३० वर्ष लगातार शासन गरे। महाथिर बिन मोहम्मदले आधुनिक मलेसियाको निर्माणमा २२ वर्ष शासन चलाए। अमेरिकालाई यो महाशक्ति बनाउने आधार निर्माण गर्दा रुजभेल्टले १८ वर्ष र बेलायतको अर्थतन्त्रलाई समानान्तर बनाउने सफलताका लागि थ्याचरले १५ वर्ष समय, शक्ति र सोच खर्च गर्ने सौभाग्य पाए। छिमेकी भारतमा पनि एउटा सरकारले सामान्यतया पूर्ण अवधि काम गरेको देखिन्छ। हामीकहाँ औसतमा वर्षमा एक सरकार फेरिएको अवस्था छ। अनि कर्मचारीतन्त्रमा सोही प्रकारको अस्थिर भावना गडेका कारण नागरिकले आशा गरेअनुसार परिवर्तन सम्भव भइरहेका छैनन्। एक वा दुई वर्षका लागि पहिले नै मिति तोकेर आएको नेतृत्वबाट युगीन परिवर्तनका कामहरूको आशा जायज र सम्भव हुँदैन।

यद्यपि, मन्त्रिमण्डलको आकार र संख्या नै महत्त्वपूर्ण आवश्यकता वा अनावश्यकताचाहिँ होइन। कुनै समय बेलायतमा तिन सदस्यीय अनि सन् २०११ मा दक्षिण अफ्रिकामा ६८ र युगान्डामा ७१ सदस्यसम्मको मन्त्रिमण्डल बनेको देखिन्छ। नागरिकलाई काम चाहिएको हो। यदि प्रत्येक मन्त्री र मन्त्रालयले देशका लागि बोझ नबनी राम्रो काम गरेमा संख्यालाई नागरिकले माफी अवश्य दिने छन्। यद्यपि, दुई ठूला शक्ति मात्र मिलेर सरकार बनाएको भए र यति धेरै पार्टीको समीकरण बनाउनु नपरेको भए उनलाई यो बाध्यता पर्दैन थियो होला। ओलीले बेइमानी गरे भनेर गाली गर्दै रडाको मच्चाउनेहरूले आफ्नो भूमिकाचाहिँ मूल्यांकन गर्न बिर्सनुहुँदैन। हातखुट्टा बाँधेर पोखरीमा फालिदिने अनि पौडन पनि सकेन भनेर आरोप लगाउनुको कुनै अर्थ छैन। नैतिकता र जिम्मेवारी पनि हुँदै होइन।

यो देश अलिहेसम्म सबैभन्दा धेरै समय कांग्रेसको नेतृत्वमा चलेको छ। यो दुर्गति हुनुमा उसको नेतृत्व सबैभन्दा बढी जिम्मेवार छ। अर्को साथी खराब छ भन्ने कुराको तात्पर्य त्यसैले म स्वतः राम्रो छु भन्ने लाग्दैन। सायद, ओलीको विरोध गर्नेहरूले पनि त्यो मनन् गरेको हुनुपर्छ। अर्कालाई गाली गरेर ताली कमाउने राजनीति र नागरिकलाई सदैव गुमराहमा राख्ने आदत अब त्यति धेरै बिकाउ बन्दैन। नागरिकको चेतनास्तर पनि अहिले निकै सशक्त भइसकेको छ। एकअर्कालाई आरोप-प्रत्यारोप भन्दा सहकार्य गरेर नागरिकलाई शान्ति दिनु अहिलेका दलहरूको दायित्व हो।

मधेसका केही नेताहरूको माग भएको सीमांकन विशुद्ध प्राविधिक विषय हो। यस्तो विषयमा निर्णय लिँदा विज्ञहरूको मस्तिष्क मन्थन साथै जनताको चाहनाको सम्मान गरिनुपर्छ। सात प्रदेशको खाका बनाउँदा पनि विज्ञको सुझाव थिएन, जुन गल्ती नै थियो, यद्यपि, नागरिक चाहनाको त्यति धेरै बर्खिलाफ नभएका कारण नागरिकबाट विरोध भएन। तर, अब फेरि बिना कुनै वैदिक अभ्यास यसलाई चलाइए सायद त्यसको व्यवस्थापनमा निकै मूल्य चुकाउनुपर्छ। यसर्थ, एउटा गल्तीको उत्तरमा अर्को गल्ती गर्नु क्षम्य हुन सक्दैन। यही तर्कमा अडिएको ओलीको बोली नै अहिले आन्दोलकारी भनिनेले बुझेर पनि स्वीकार्न नचाहेको सत्य हो। किनकि, आन्दोलनको एउटा दूर गन्तव्य विखण्डन पनि हो, जसलाई विभिन्न अवयवहरूले प्रस्ट्याइसकेको छ। तसर्थ, देशको स्वाभिमान दाउमा राखेरै जस्तोसुकै सम्झौता गरे पनि स्विकार्छौं भन्ने धृष्टता नगर्दा यो असहजतालाई केही स्विकार्नुपरिरहेको छ। जब मधेसका नागरिकले बुझ्ने छन् अनि केही थान नेताका विरुद्ध त्यहींबाट प्रतिकार सुरु हुन्छ, तब स्थिति सहजतातिर आउने छ।

यसकारण, नागरिकका जीवनमा आउनुपर्ने सहजताका लागि काम गर्न नसकेको विषयमा ओलीको मूल्यांकन गर्ने समय भएको छैन अनि राजनीतिक हैसियतका मुद्दाको बारेमा आरोप लगाउनेहरूको आधार स्वार्थरहित छैन। ओलीले काम गर्न नसकेको साँचो हो र अस्वीकार्यसमेत हो, तर काम गर्न नदिनु र असहयोग गर्नु पनि नागरिक हितविरुद्धको जस्तै अर्को अपराध अवश्य हो। यहाँ सबै उत्तिकै दोषी छन्।

# प्रचण्डलाई खुला पत्र



■ महेश बराल

**प्रचण्डज्यू,**

एक आम आदमी अथवा आम आदमीमध्येको पनि एक आम विद्यार्थी अथवा एक आम जनता अथवा त्यसमा पनि एक आम नेपालीको हकमा यो पत्र म तपाईंलाई लेख्दै छु। विशुद्ध तपाईंका लागि अथवा त्यो पनि विशुद्ध रूपमा तपाईंलाई नै सम्बोधन गरेर। त्यो पनि नितान्त व्यक्तिगत रूपमा।

प्रचण्डज्यू, तपाईंलाई वर्तमानको बारेमा सबै कुरा थाहा छ। अझै स्पष्ट थाहा छ। देशले भोगेको नाकाबन्दी र त्यसले निम्त्याएको समस्या। मधेस आन्दोलन अनि त्यसले समग्र राष्ट्रलाई दिएको गहिरो पीडा। सिंगो देश कसरी चलेको होला ? जनता कस्तो हालतमा होलान् ? राष्ट्रिय अर्थतन्त्रको अवस्था के हुँदै छ ? सामान्य बनिबुतो गरेर गुजारा चलाउने अति सामान्य नागरिकदेखि लिएर करोडौंको व्यवसाय गरेर बसेका उद्योगी अथवा साधारण जीवन बाँचेका साधारण कर्मचारीदेखि केही सामाजिक हैसियत बनाएकाहरू अथवा ती सब, जो यो देशमा बसेर आ-आफ्नै ठाउँमा आ-आफ्नै कर्म गरिरहेकाहरू, सबैलाई यो त्रासदीले छोएको छ। तपाईंलाई सबै थाहा छ, प्रचण्डज्यू। मुलुकले अहिले इतिहासमै नपाएको दुःख पाएको छ।

के तपाईंले ग्याँसको लाइनमा बसेका भोका नागरिक देखिरहनुभएको छ ? के तपाईंले ज्यान जोखिममा राखेर बसको छतमा उक्लिएका विद्यार्थी देखिरहनुभएको छ ? के तपाईंले घन्टौं लाइनमा बस्दा पनि घर जाने टिकट नपाएर निस्रिक्क परेर फर्किरहेको अनुहार देख्दै हुनुहुन्छ ? के तपाईंलाई बजारमा भइरहेको कालोबजारीबारे थाहा छैन र ? के तपाईं यो कुरामा जिम्मेवार हुनुहुन्न र ? मलाई लाग्छ, यो सबको एक मात्र जिम्मेवार व्यक्ति नेपाली राजनीतिमा तपाईं हुनुहुन्छ। मैले आशा राखेको अथवा मजस्तै आम नेपालीले आशा गरेको व्यक्ति तपाईं, र त यो पत्र विशेष तपाईंलाई नै लेखिरहेको छु।

नेपाली राजनीतिमा सबैभन्दा बढी सपना कसैले बाँडेको छ भने त्यो तपाईंले हो। सम्झनोस् त ती दिनहरू। ती युद्धकालीन दिनहरू। ती तपाईंले सपना बाँडेका दिनहरू अनि तिनै सपनामा आ-आफ्नै मिठा सपना गाँसेर आफ्नो ज्यान पनि तपाईंकै नाम गरेर युद्धमा होमिएका लडाकुहरूका सपनाहरू। तपाईंलाई त तिनीहरू प्रत्येकका अनुहार पनि राम्ररी सम्झना छैन होला सायद, जो तपाईं नदेखीकनै तपाईंले देखाएको सपनाको आशमा आफ्नो प्राण अर्पण गर्न अघि सरे, संघर्षमा होमिए र सहादत भए।

युद्ध सकियो, सपना नि सकियो। कसैको सपना सेना समायोजनमा घुलियो त कसैको अयोग्यताको प्रमाण पत्रमा। तर, त्यसपछि तपाईंले बाँड्ने आश्वासनको अर्को अध्याय सुरु भइसकेको थियो। त्यही महाआश्वासनको मिठो प्रचार गरेर तपाईंले पहिलो संविधानसभा चुनावमा अप्रत्यासित जित हासिल गर्नुभयो। जनताले फेरि अर्को पटक तपाईंलाई विश्वास गरेथे र त्यसको बदलामा तपाईंले अर्को विश्वासघात।

मधेस आन्दोलन चलेको धेरै भइसक्यो। यसका कारण देशका मुख्य नाकाहरू ठप्प छन्, धेरै दिनदेखि। नाका बन्द छन्, नेपाली जनजीवन ठप्प र कष्टकर छ, नाकाबन्दी चाहे जसले गरोस्, भारतले होस् या नेपाली नकाबधारी भारतीयले होस् या नेपालकै अधोगति चाहने यतैकाले होस्, या अरू जसले होस्, त्यो विषय सरोकारको विषय रहेन अब। आन्दोलन उचाइमा छ भन्छन्, त्यसमा पनि कसैलाई मतलब छैन। माग जायज होस् या नाजायज, आन्दोलन राम्रोका लागि भएको होस् या नराम्रोका लागि, जनतालाई त्यो सरोकारको विषय रहेन अब। यसले निम्त्याएको समस्या र सिंगो नेपाली जनताले पाएको दुःख मुख्य कुरा भएको छ। जनताले न्यूनतम उपभोगका सामानहरू पनि पाउन सकिराखेका छैनन्। चारैतिर अभाव छ, अभाव छ र त कालोबजारी छ। देश कालोबजारले चलेको छ। तपाईंलाई यो कुरा थाहा छ नि ? सरकार कहाँ छ त ? तपाईं कहाँ हुनुहुन्छ ? तपाईंको पार्टी सरकारमा भएर पनि किन तपाईं हरक्षण प्रतिपक्षको व्यवहार गरिरहनुभएको छ ? के तपाईं यसको जिम्मेवार हुनुहुन्न र ?

प्रचण्डज्यू, देश कहिलेसम्म यसरी चलिरहन्छ ? कुन तन्त्रले देशलाई उँभो लगाउला ? तीव्र विकासको तौरतरिकाबारे कुन वादले ज्यादा व्याख्या गर्छ ? तपाईंले त जरुर विश्वभरका अनेक विकासका मोडलहरू अध्ययन गर्नुभयो होला। तपाईं कुन मोडललाई ज्यादा विश्वास गर्नुहुन्छ ? तपाईंलाई यसबारेमा केही आइडिया छ ? के देशलाई अझै अर्को युद्धको खाँचो छ कि ? कि अझै खाँचो छ अर्को आन्दोलनको ? अब कतिओटा आन्दोलन भएचाहिँ देशलाई पुग्ला ? कतिओटा पार्टी जन्मिए सरकार राम्ररी चल्छ ? कसको सरकार कति चले जनप्रशासन सक्षम होला ? अझै कति मान्छे मर्नुपर्ला देशको हितका लागि ? के देशलाई अर्को महापुरुषको आवश्यकता परेको हो ? तपाईं त सिद्धान्तका कुरा गर्ने मान्छे, तपाईंको सिद्धान्त यो विषयमा के बोल्छ ?

**प्रचण्डज्यू, देश कहिलेसम्म यसरी चलिरहन्छ ? कुन तन्त्रले देशलाई उँभो लगाउला ? तीव्र विकासको तौरतरिकाबारे कुन वादले ज्यादा व्याख्या गर्छ ? तपाईंले त जरूर विश्वभरका अनेक विकासका मोडलहरू अध्ययन गर्नुभयो होला। तपाईं कुन मोडललाई ज्यादा विश्वास गर्नुहुन्छ ? तपाईंलाई यसबारेमा केही आइडिया छ ? के देशलाई अझै अर्को युद्धको खाँचो छ कि ?**

महोदय, सिद्धान्त र कुराले कुनै राष्ट्र अब ब्युँतिनेवाला छैन। पश्चिमाले थोत्रिएर मिल्काइसकेका बासी सिद्धान्तको रटान कहिलेसम्म गरिरहनुहुन्छ तपाईं ? बुर्जुवा नीति, अग्रगामी छलाङ, माले-मण्डले, जनवाद, दलाल, पुँजीतन्त्र... । हो, तपाईंका भाषाहरू मिठा छन्। हरेक मिठो चिज ज्यादा हुँदै गएपछि त्यसप्रतिको आस्था र झुकाव क्रमशः घट्न थाल्दोरहेछ। तपाईंको भाषामा पनि हिजोआज त्यही कुरा महसुस गरिरहेको छु। तपाईंले कुराको गुलियो भुलेर केही अगाडि सोच्ने बेला आएको छ।

तपाईंले बाटोमा आम नागरिक देख्नुहुन्छ नि ? बसको छतमा नि बस्ने ठाउँ नभेटेर रन्थनिरहेको, निन्याउरो अनुहारमा पेट्रोल सकिएको बाइक डोहोऱ्याउँदै पम्पतिर लम्किरहेको, बेलुकाको छाक खाना पकाउन इन्धन नभेटेर दाउराको लाइनमा खिस्रिक्क परेर उभिएको, अकासिएको महँगीले पसिना छुटाएर पसलेसँग दलाल गर्दै गरेको, परिवारको लम्बेतान तनाबले दिमाग रन्थनिएर सडकमा उभिएर सरकार सरापिरहेको। तपाईंलाई यी तमाम समस्या ज्ञात छ। तपाईं बुझ्नुहुन्छ, तपाईं जान्नुहुन्छ। हो, तपाईंलाई सबै कुरा थाहा छ। तपाईंले बिर्सिनुभएको छैन। आफ्नै बोली कसैले यति चाँडै कसरी बिर्सेला र ? आफूले बाँडेका आश्वासन अनि आफूले देखाएका सपनाहरू यसरी बाटैमा तुहिँदा तपाईंलाई नमज्जा लागेको छैन त ? स्वर्गको सपना बाँडेर देश यसरी भड्खालोमा जाँदा तपाईंको मन रोएन त ? महोदय, मलाई त आजकल तपाईंको अन्धो राष्ट्रवादमाथि पनि शंका लाग्न थालिसकेको छ।

एउटा आम मान्छेले सिद्धान्त जानेको हुँदैन। एउटा भोको मान्छेलाई राजनीति थाहा हुँदैन। एउटा गरिबले देख्ने सपना केवल भरे बेलुकाको छाकमा गएर टुंगिन्छ। एउटा मजदुर आफ्नो काम उप्रान्त अर्थोक सोच्दैन। एउटा किसानलाई केवल उत्पादनको फिक्री हुन्छ। एउटा कर्मचारीको सोचाइ आफ्नो परिवारको सहज पालनपोषणभन्दा माथि उठेको हुँदैन। हो, हरेक नेपालीमा त्यति ठूलो लालसा छैन, जति तपाईंले सपना देखाउनुभएथ्यो। के उसलाई आफ्नो संसारमा रम्ने अधिकार छैन त ? के उसले आफ्नो परिश्रमले खान पाउने हक पाउँदैन त ? गरेर खान सबैले पाउनुपर्छ। देशको संविधान भने पनि, नीति भने पनि अथवा सरकार भने पनि, जे होस्, सम्बन्धित निकायले त्यो अधिकार हरेक नागरिकलाई दिएको हुन्छ। संविधानको आवश्यकता भन्नु नै त्यही हो, हरेक नागरिकको श्रम गर्ने अधिकार नखोसियोस्। तर, अफसोस्, देशले जसै संविधान पायो, अधिकारको नामोनिसान हरायो। संविधानको परिभाषा नै फेरिएको अनुभव भइरहेछ। महोदय, तपाईंले देखाउनुभएको संविधानको गोरेटो अँध्यारोतिर त गइरहेको छैन ? जनता एकदमै अन्योलमा परिसकेका छन्।

एक आम नागरिककै हकमा म तपाईंलाई यति कुरा लेखिरहेको छु। प्रश्न सोधिरहेको छु। गन्नाइरहेको छु। तपाईंको बेतुकेपनलाई गाली गरिरहेको छु। मलाई त्यो हक छ, मैले तपाईंलाई गाली गर्न पाउनुपर्छ। तपाईंले मलाई पनि सपना देखाउनुभएथ्यो, मलाई पनि आश्वासन बाँड्नुभएथ्यो, मलाई पनि भविष्यको उज्यालोको सानो झिल्का देखाएर छाड्नुभएथ्यो, मलाई पनि विकास देखाउनुभएथ्यो। मलाई मात्रै होइन, मेरो परिवार, समाज, गाउँ, जिल्ला अथवा मेरो सिंगो देशलाई तपाईंले विश्वस्त पार्नुभएथ्यो। बदलामा सिंगो देशको विश्वास बोकेर त्यो निर्णायक ठाउँ प्राप्त गर्नुभएथ्यो, त्यो पनि हाम्रै आड भरोसामा। काम गर्न पटक पटक अवसर पाउनुभएथ्यो। पटक-पटक सुनौलो क्षण गुमाउनुभएथ्यो। पटक-पटक जित्नुभएथ्यो र त्यति नै पटक हार्नुभएथ्यो।

के म त्यो विश्वासको हिसाब माग्न पाउँदिनँ हुँला त ? मेरो विश्वासको मोल जान्न पाउँदिन हुँला त ? मेरो त्यो भरोसाको हिसाब कहाँ बिग्रियो ? कहाँ बिक्यो त मेरो आस्था ? त्यसको क्षतिपूर्ति कहिलेसम्ममा पाइसक्छु होला मैले ?

प्रचण्डज्यू, मैले प्रतीक्षा गर्न छाडेको छैन। म गलेको छैन। मैले आस मारेको छैन। तपाईंप्रतिको विश्वासलाई पूर्ण रूपमा अझै नै मार्न सकेको छैन (स्थिति भयानक बनिसक्दा पनि)। तपाईंतिर तेर्सिएका आशायुक्त आँखाहरू अझै घुमाउन सकेको छैन। यति भइसक्दा पनि मेरो र हाम्रो आस मरेको छैन। तपाईंले नै भनेजस्तै, साइकल चढेर, पैदल हिँडेर, दाउरा बालेर पनि गुजारा चलाइएकै छ। तपाईंकै शब्दमा, 'एस म्यान' नहुनलाई प्रयत्नरत छौं, हामी पनि। स्वतन्त्रता र सार्वभौमिकताका लागि हामी साथ छौं अझै पनि। तर, यो हाम्रो धैर्य कहिलेसम्म ? थाहा छैन।

## दक्षिण एसिया

# सजगताको सन्देश

संसारकै सबैभन्दा बढी प्रदूषित सहर दिल्लीका मानिसले जीवनदायिनी वायुका लागि सम-विषम सूत्रलाई कामयाबी बनाउनका लागि कुनै कसर बाँकी राखेनन्। केन्द्रको उदासीनता, नोकरशाहीको असहयोग तथा त्यहाँका मानिसको अवरोधका बाबजुद आम आदमी पार्टी (आप) सरकारले जे भूमिका निभायो, त्यो सराहनीय छ। दिल्लीका मानिसले सन्देश दिएका छन् कि हामी बदलिएमा मात्र देश बदलिनेछ। तर, आवश्यकता त व्यक्ति र समाजको स्वरूप बदल्नु छ। निःसन्देह योजनालाई अव्यावहारिक बताउनेको राजनीतिक स्वार्थ हुन सक्छ। तर, यो वर्तमान र भावी पिँढीको सुन्दर र स्वस्थ जीवन दिने उपक्रम अवश्य हो।

यो पनि सन्देश छ कि अब पनि बदलिन सकिएन भने त धेरै ढिला हुन छ। निःसन्देह यो योजनाले भविष्यमा महत्त्वपूर्ण नतिजा दिन सक्छ तर राजनीतिक प्रदूषणबाट मुक्त हुनु जरुरी छ। वास्तवमा जनहितका निर्णयलाई राजनीतिबाट मुक्त राख्नुपर्छ। हरेक व्यक्तिलाई आफ्नो तथा आउने पिँढीको असल र सुन्दर भविष्यको चिन्ता हुनुपर्छ। यसको सुरुआतमा यो पनि देखिएको छ। दिल्लीका मुख्यमन्त्री अरबिन्द केजरीवालसमेत सबै मानिस 'कार पुल' गरेर आफ्नो कार्यालय पुग्छन्। यो सामाजिक सहभागिताको रचनात्मक पहल हो, जसले स्वस्थ सामाजिक सम्बन्धको तानाबाना मजबुत हुन्छ। दिल्लीवासीको सक्रिय सहभागिता पुरै देशका लागि अनुकरणीय सन्देश हो। दिल्ली उच्च अदालतको 'ग्रिन ट्रिब्युनल'को पहलमाथि दिल्ली सरकारले जुन पहल गरेको छ, त्यसभन्दा अगाडि जानु जरुरी छ। यस नयाँ योजनाबाट करिब ७ लाख कार सडकबाट हट्नेछन्। यसका अलावा सर्वोच्च अदालतको पहलबाट बढी डिजेल गाडी सडकमा आउन सक्ने छैनन्। अनुमानित १४ लाख गाडी सडकमा कम हुनेछन्। दिल्लीमा दर्ता भएका साना-ठूला ८८ लाख सवारीसाधनमा यो आँकडा प्रभावी छ। अनुमान छ कि संयुक्त प्रयासबाट वायुमा २० प्रतिशत विष कम गर्न सकिन्छ। यसमा बदरपुर र राजभाटका थर्मल पावर प्लान्टलाई स्थानान्तर गर्ने वा ट्रकहरूलाई राति अबेर दिल्लीमा प्रवेश पनि रहेका छन्। 'ग्रिन ट्याक्स' बढाउनुको पनि असर देखिनेछ।

तर, बढ्दो वायु प्रदूषणलाई मानक स्तरसम्म पुऱ्याउनका लागि धेरै काम गर्न बाँकी छ। ध्यान रहोस् कि बेइजिङ, मेक्सिको सिटी वा अन्य ल्याटिन अमेरिकी देशहरूमा सम-विषम योजना धेरै प्रभावकारी हुन सकेको पाइँदैन। आवश्यक छ कि दीर्घकालीन योजनामा पनि ध्यान जाओस्। यो पनि आवश्यक छ कि युरो-६ मानकका सवारीसाधनलाई विकल्प दिइयोस्। दिल्लीमा जुन तवरले विषालु वायु चल्नाले श्वासप्रश्वासका रोगीमा समस्या भइरहेको छ, त्यसलाई देख्दा हरेक नागरिकले शुद्ध वायुका लागि आफ्नो कर्तव्यलाई इमानदारीपूर्वक निर्वाह गर्नु आवश्यक छ।

(**भारतबाट प्रकाशन हुने 'दैनिक ट्रिब्युन'को सम्पादकीय**)

**लेख तथा प्रतिक्रियाका लागि**
इमेल : merobichar@gmail.com
फ्याक्स : ०९७७-१-५०११५९४ पो.ब.नं.: २०५०३ काठमाडौं

# भारतीय हवाई शिविरमा आक्रमण हुँदा ६ को मृत्यु

**एजेन्सी**
नयाँ दिल्ली, १८ पुस



भारतको उत्तरी राज्य पन्जावमा अवस्थित एक हवाई शिविरमा भएको आक्रमणमा कम्तीमा ६ जनाको मृत्यु भएको छ । सुरक्षा स्रोतलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले नयाँ वर्षको दोस्रो दिन पन्जावको पथानकोट हवाई बल शिविरमा बिहान करिब ३:३० बजे बन्दुकधारीहरूले आक्रमण गर्दा भएको दोहोरो गोली हानाहानमा सो हताहती भएको उल्लेख गरेका छन् ।

पाकिस्तानको अन्तर्राष्ट्रिय सीमा क्षेत्रबाट करिब २० किलोमिटरको हवाई दूरीमा अवस्थित स्थानमा भएको सो आक्रमणमा चारजना बन्दुकधारी र दुई भारतीय हवाई बल (आईएएफ)का सदस्य मारिएका हुन् । कम्तीमा पाँचजना सेनाको जस्तै कपडा लगाएका बन्दुकधारीले आक्रमण गरेको र उनीहरू पाकिस्तानी आतंकवादी समूह जयस ए मोहम्मद हुनसक्ने आशंका सुरक्षा निकायको रहेको छ ।

सुरक्षा स्रोतले जनाएअनुसार दोहोरो गोली हानाहान बिहान करिब ८:०० बजेसम्म चलेको थियो । तर, ११:०० बजेसम्म पनि शिविरभित्र गोली चलेको र ठूलो विस्फोटको आवाज पनि सुनिएको स्थानीयले जनाएका थिए । सो आक्रमण भएको समयमा हवाई शिविरमा रहेका हेलिकोप्टर र अन्य सामग्री भने सुरक्षित रहेको बताइएको छ ।

सुरक्षास्रोतका अनुसार जयस ए मोहम्मद नामक आतंकवादी समूहका सदस्य करिब तिन दिनअगावै सो क्षेत्रमा प्रवेश गरेका थिए । सो समूहलाई सन् २००१ मा ११ जनाको ज्यान जाने गरी संसद् भवनमा भएको आक्रमणको आरोप पनि लगाइएको थियो । उच्च सुरक्षा अधिकारीका अनुसार नेसनल सेक्युरिटी गार्डका करिब ५० जना कमान्डोहरूले आक्रमणकारीको सामना गरेका थिए । गुर्दासपुरमा रहेको प्रहरी कार्यालयका प्रमुख साल्विन्दर सिंहलाई अपहरण गरी मुक्त गरेपछि शुक्रबार बेलुका मात्र सो स्थानमा कमान्डो बल परिचालन गरिएको थियो ।

सिंहलाई अपहरण गरेको केही घण्टापछि छाडे पनि एक व्यक्तिलाई घाइते बनाउनुका साथै ड्राइभरको घाँटी रेटी हत्या गरेका थिए । प्रहरीका अनुसार आक्रमणकारीले आक्रमण गर्ने स्थानसम्म पुग्न र त्यहाँबाट भाग्नका लागि प्रहरीको गाडी प्रयोग गरेका थिए ।

सो क्षेत्रमा सुरक्षा बल मजबुद बनाउनुका साथै आक्रमणकारीविरुद्धको कारबाहीका लागि थप सुरक्षा बल परिचालन गरिएको अधिकारीले जनाएका छन् ।

कारबाहीलाई थप सशक्त बनाउने कार्यको संयोजन पनि राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभलले गरिरहेको स्रोतले जनाएको छ । भारत र पाकिस्तानबिच रहेको शत्रुतापूर्ण सम्बन्ध सुधारका लागि गत महिना भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आश्चर्यजनक रूपमा पाकिस्तानको लाहोर भ्रमण गरी समकक्षी नवाज सरिफसँग वार्ता गरेपछि पछिल्लो आक्रमण भएको हो ।

आक्रमणपछि प्रतिक्रिया दिँदै भारतीय गृहमन्त्री राजनाथ सिंहले पाकिस्तान हाम्रो छिमेकी हो तर सधैं शान्ति चाहने भन्दै भारतविरोधी कुनै पनि आतंकवादी आक्रमण गरे त्यस्तै जवाफ दिइने बताए ।

विज्ञहरूले दुई देशबिचको सम्बन्ध सुधारतर्फ अगाडि गइरहेको बेला भएको आक्रमण पूर्वअनुमान अनुसारै भएको बताएका छन् । पथानकोट पन्जाव, जम्मुकस्मिर र हिमाञ्चल प्रदेशको मिलनबिन्दु भएको स्थानमा रहेको छ । यस क्षेत्रबाट जाने सडकले भारतका अन्य स्थानबाट अशान्त रहेको जम्मुकस्मिरलाई जोडेको छ ।

पथानकोट भारतको राजधानीको नयाँ दिल्लीबाट ४ सय ३० किलोमिटर उत्तरमा रहेको छ । गत जुलाईमा सशस्त्र समूहले सडकममा गुडिरहेको बसमा अन्धाधुन्ध गोली हान्नेको थियो । साथै, गुर्दासपुरको दिनानगर प्रहरी चौकीमा आक्रमण गर्दा ६ जनाको मृत्यु हुनुका साथै आठजना घाइते भएका थिए ।

यसैबिच, भारतीय सुरक्षा निकायले आक्रमणकारी जयस ए मोहम्मद हुनसक्ने प्रमाण उनीहरूले गरेको मोबाइल फोनबाट पाइएको दाबी गरेका छन् । आक्रमणकारीले आक्रमणपछि पाकिस्तानमा रहेका आफ्ना सदस्यलाई फोन गरेको रेकर्ड भेटिएको पन्जावका उच्च प्रहरी प्रमुखले जानकारी दिएका छन् ।

पाकिस्तानमा आधार रहेको सो आतंककारी समूहका प्रमुख मौलाना मसुद अजहार रहेको र उनी सन् १९९९मा काठमाडौंबाट दिल्लीका लागि उडेको भारतीय एयरलाइन्सको विमान अपहरण गरी त्यसमा सवार रहेका १ सय ७६ यात्रुको रिहाइका लागि मुक्त गरिएका तिन आतंकवादीमध्ये एक हुन् । सन् १९९४ मा अजहार भारतमा रहेका पाकिस्तान समर्थकलाई एकजुट बनाई कस्मिरमा संघर्ष गर्न भन्दै पोर्चुगिज राहदानीबाट भारत प्रवेश गरेका थिए । उनलाई प्रहरीले सन् १९९५ को फेब्रुअरीमा अनन्तनागबाट पक्राउ गरेका थिए ।

**पाकिस्तानद्वारा भर्त्सना**

पाकिस्तानले आक्रमणको भर्त्सना गर्दै आतंकवादका कुनै पनि रूपको अन्त्यका लागि भारतसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ । पाकिस्तानको विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ- पछिल्लो दुई देशका उच्च नेताबिच भएको भेटले दुई देशबिचको सम्बन्ध सुधारतर्फ अगाडि बढाएको र पाकिस्तान भारतका साथै यस क्षेत्रमा रहेका सबै देशहरूसँग आतंकवाद अन्त्यका लागि सहकार्य गर्न प्रतिबद्ध छ ।

# चीनको सैन्य संरचनामा तीव्र परिवर्तन

**एजेन्सी**
संघाई, १८ पुस



चीनले सेनाको संरचनामा तीव्र परिवर्तन गरेको छ । मजबुत सेना आमचिनियाँ नागरिकको सपनाअन्तर्गत सेनाको संरचनामा व्यापक परिवर्तन गरिएको चीनका राष्ट्रपति सी जिनपिङले बताए ।

सत्तासीन चिनियाँ कम्युनिस्ट पार्टीले जनमुक्ति सेना (पीएलए) माथि नियन्त्रण गर्ने अभिप्रायले यही नोभेम्बरमा एउटा क्रान्तिकारी परिवर्तनको योजना ल्याएको थियो । चीनको मिसिल भण्डारणको अनुगमन गर्न नयाँ सैन्य एकाइको स्थापना गरिएको छ ।

नयाँ संरचनाअन्तर्गन रकेट फौज र एउटा आर्मी जनरल कमान्डको पनि सार्वजनिक गरिएको छ । यस कमान्डले स्थल फौजको हेडक्वार्टर र सशस्त्र फौजलाई सहयोग गर्न एउटा सहयोगी एकाइको रूपमा काम गर्ने सिन्ह्वाले जनाएको छ ।

दक्षिण चाइना सागर र पूर्वी चाइना सागरको विवादमा चीन बढी आक्रामक रूपमा प्रस्तुत भइरहेको र चीनले दोस्रो विमानवाहक बनाइरहेको घोषणा गरिरहेकै बेला सेनाको संरचनामा परिवर्तन गरिएको समाचारमा जनाइन्छ । चीनकै पहिलो विमानवाहक लियओनिङ २५ वर्षअगाडि निर्माण गरिएको पुरानो (सेकेन्डहेन्ड) सोभियत विमान हो ।

चिनियाँ कम्युनिस्ट पार्टी र सेनाको प्रमुखसमेत रहेका राष्ट्रपति सी आफ्नो सेनालाई अझै सक्षम र सशक्त बनाउन झन्डै २० लाख सेनामध्ये ३ लाख सेना कटौती गर्ने योजना गरिरहेका छन् ।

राष्ट्रपति सी अध्यक्ष रहेको चीनको केन्द्रीय सैन्य आयोगले सन् २०२० अगाडि आधुनिक सेनाको योजनालाई सहयोग गर्न सेनाको गुणस्तरमा सुधार गर्न निर्देशिकाहरूसमेत सार्वजनिक गरेको छ ।

परम्परागत र आणविक हतियारलाई कायमै राख्न नयाँ पीएलए रकेट फोर्सलाई निर्देशन दिइएको छ ।

'चीनको आणविक नीति र आणविक हतियारमा भने कुनै परिवर्तन नगरिएको रक्षा मन्त्रालयका प्रवक्ता याङ युजुनले बताए । नयाँ एकाइ दोस्रो तोपखाना फौजद्वारा नियन्त्रण गरिने प्राप्त समाचारमा जनाइएको छ ।

पूर्वी चाइना सागर र दक्षिण चाइना सागरमा बेइजिङको फौज बारम्बार जापान र फिलिपिन्ससँग आमनेसामने गर्ने गरेको छ । तर, देशको आणविक हतियार नीतिमा भने कुनै परिवर्तन नगरिएको रक्षा मन्त्रालयका प्रवक्ताले बताए ।

# साउदीमा ४७ जनालाई फाँसी

**एजेन्सी**
रियाद, १८ पुस



साउदी अरेबियामा ४७ जनालाई शनिबार फाँसी सजाय दिइएको छ । ती व्यक्तिलाई आतंकवादको आरोपमा फाँसी दिइएको बताइएको छ ।

सरकारविरोधी प्रदर्शनमा लागेका एक धार्मिक नेतासहित ४७ जनालाई फाँसी दिइएको गृह मन्त्रालयले जनाएको छ ।

सिया मुसलमान समुदायका धार्मिक गुरु निम्रअलसहित ४७ जनालाई सो फाँसीको सजाय दिइएको हो ।

फाँसी दिइएका मध्ये ४६ जनालाई विभिन्न आतंककारी संगठनसँग आबद्ध रहेको र आपराधिक कार्यमा सहभागी रहेको आरोप लगाइएको गृह मन्त्रालयद्वारा प्रकाशित विज्ञप्तिमा जनाइएको राज्यद्वारा सञ्चालित समाचार समिति एसपीएले जानकारी दिएको छ ।

फाँसीको सजाय पाउने व्यक्तिमा एक इजिप्टेली र एक क्यानडाका नागरिक पनि रहेका छन् । बाँकी भने सबै साउदी अरेबियाली भएको बताइएको छ ।

# डब्लुएचओद्वारा गिनीलाई इबोलामुक्त घोषणा

**एजेन्सी**
लन्डन, १८ पुस

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले गिनीलाई इबोलामुक्त देश घोषणा गरेको छ । यहाँ दुई वर्षअगाडि इबोला महामारी फैलिएको थियो । डब्लुएचओले इबोलामुक्त घोषणा गरेपछि गिनीवासी अहिले हर्षोल्लास मनाइरहेका छन् ।

इबोला महामारीबाट अहिलेसम्म यस पश्चिम अफ्रिकी मुलुकमा २५ सय बढी मानिसको मृत्यु भएको छ । इबोलाबाट गिनी नजिकै रहेका अफ्रिकी मुलुक सियरा लियोन र लाइबेरियामा ९ हजार जनाको मृत्यु भएको थियो ।

सियरा लिओन गत नोभेम्बरमा इबोलामुक्त भएको थियो भने सेप्टेम्बरमा इबोलामुक्त भएको लाइबेरियामा इबोलाका अर्का नयाँ बिरामी फेला परेका छन् ।

लगातार २१ दिनसम्म कुनै नयाँ व्यक्तिमा संक्रमण नदेखिएमा वा नसरेमा डब्लुएचओले कुनै पनि देशलाई इबोलमुक्त घोषणा गर्छ । 'यस वर्षको अन्तमा भगवान्ले गिनीलाई नयाँ समाचार दिएका छन्,' इबोलाबाट बाँचेका अलामा काम्बोउ डोरेले भने ।

इबोलामुक्त भएको खुसियालीमा आतिसबाज पड्काउने तयारी भइरहेकै बेला स्थानीय स्वास्थ्य कार्यकर्ताले भने अहिले नै हर्षोल्लास मनाउनु हतार हुने बताए । अझै पनि डब्लुएचओले कडा निगरानी राखेकाले नयाँ बिरामी भेटिन सक्ने उनीहरूले संकेत गरे ।

'हामी निकै सावधानी हुनुपर्छ, रोगको खुला संक्रमण रोकिए पनि इबोला पूर्णरूपमा पराजित भने भएको छैन,' गिनीका स्वास्थ्य कार्यकर्ता तथा इबोलाबाट बाँचेका अल्फा सेनी सोउहामले भने ।

महामारीविरुद्ध असामान्य नेतृत्व प्रदान गरेको भन्दै डब्लुएचओले गिनी सरकार र त्यहाँका जनतालाई बधाई दिएको छ । मार्चदेखि नोभेम्बरबिचमा १० ओटा नयाँ साना भाइरस देखिएका थिए । 'आगामी महिना निश्चय नै पूर्णरूपमा गम्भीर हुनेछन,' डब्लुएचओका इबोलासम्बन्धी जवाफदेही समूहका डा. ब्रुस आइलवार्डले भने, 'यो समय इबोलाबाट जोगिन पूर्णरूपमा तयारी भएको सुनिश्चितता देखाउने अवधि हो ।'

विश्व स्वास्थ्य संगठनले गिनी, सेरालियोन र लाइबेरियामा सन् २०१६ सम्म निगरानी र महामारी जवाफदेही समूहरूलाई परिचालन गरिने पनि डा. आइलवार्डले जानकारी दिए ।

**निर्मूल भएकै हो त इबोला ?**

इतिहासमै सबैभन्दा खराब र दुर्भाग्य मानिएको यस महामारीको अन्त्य गर्ने एउटा कच्चा मार्गमा गिनीको उपलब्धि निश्चय नै एउटा कोसेढुंगा हो । ग्रामीण बस्तीको घना जंगलमा पाइने चमेरोबाट सो संक्रमण फैलिएको थियो । छिमेकी मुलुक लाइबेरिया, सियरालिओनमा भन्दा गिनीमा तुलनात्मक रूपमा इबोलाका थोरै बिरामी देखिएका छन् । तापनि ती छिमेकी मुलुकको तुलनामा यहाँ लामो समयसम्म भाइरस रहिरह्यो । तसर्थ, भाइरस फेरि पनि देखिने हो कि भन्ने चिन्ताले त्यहाँका केही नागरिकलाई सताएको छ ।

महामारी चुलिने अवस्थामा कतिपय गिनीवासीले यो रोगबारे अनभिज्ञता प्रकट गरेका थिए । उनीहरूले यसलाई एउटा बनावटी रोगको संज्ञा दिने गर्थे । अझै पनि केही समुदायमा यो रोगबारे विभिन्न भ्रम र शंका यथावतै छ । अधिकांशले रोगबारे सरकारले चालेका कदम, निर्णय र सफलताबारे खासै विश्वास गर्दैनन् ।

छिमेकी मुलुक लाइबेरियालाई त्यहाँको सरकारले दुई पटक इबोलामुक्त घोषणा गरेपछि पनि त्यहाँ इबोला फर्कियो । यस्तै, घटना गिनीमा पनि नदोहोरिएला भन्न सकिँदैन । प्राणघातक यस भाइरसबाट मुक्त हुन समुदायहरूको पनि उत्तिकै भूमिका हुने गर्छ । शंकास्पद मृत्युबारे छिटोभन्दा छिटो सरकारलाई जानकारी दिनु र आफन्तलाई इबोलाको लक्षण देखिएमा चाँडोभन्दा चाँडो उपचारको व्यवस्था गर्नु उनीहरूको कर्तव्य हुनेछ ।

त्यस्तै, औषधिजन्य सुविधालाई पनि २४सै घन्टा तयारी अवस्थामा राख्नुपर्छ । चिकित्सक, नर्स र अन्य स्वास्थ्य कार्यकर्तालाई निकै चनाखो अवस्थामा राख्नुपर्छ । अबको बाँकी ९० दिनको समय निकै उच्च निगरानीको समय हुनेछ । तर, अर्को एउटा प्रश्न पनि उब्जिएको छ । इबोला महामारी भएर बाँचेका हजारौं मानिस जसले अहिले विभिन्न स्वास्थ्यको सामना गरिरहेका छन्, उनीहरूको अवस्था आगामी दिनमा कस्तो होला भन्ने विषयमा शंका-उपशंका उब्जिएका छन् । गिनीमा इबोलाविरुद्धको लडाइँमा सयभन्दा बढी स्वास्थ्य कार्यकर्ताको नै मृत्यु भएको छ । इबोलाबाट बाँचेकाहरू एक प्रकारको सामाजिक कलंक र यसको दीर्घकालीन प्रभावबाट प्रताडित छन् ।

कमजोर आर्थिक अवस्थाका कारण देशले इबोला भाइरसविरुद्ध उपयुक्त ढंगले लड्न नसकेको र जसकारण मानिसले स्वास्थ्य कार्यकर्तामाथि विश्वास गर्न छाडेको त्यहाँको सरकारले जनाएको छ ।


Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads
**Division Road Office, Butwal**
**Tender Amendment Notice-7 (Date:-2072/09/19)**

The following amendments have been made to tender notice no. 26-071/72 published in "The Rajdhani National Daily" on 2072/02/25.

| S. N. | Contract No. | Description of Work | Bid Security Amount (NRs.) | Bid Validity Period (days) | Price of Bid Document (NRs.). Non-refundable |
|---|---|---|---|---|---|
| 1 | DROBTL/337 1574/071-072/203 | Construction of Bridge over Danav River along Dhawaha - Chamkipur Semlar Road in Rupandehi District (Pre-stressed Concrete) | 37,00,000 | 120 | 6000 |
| 2 | DROBTL/337 1574/071-072/204 | Construction of Bridge over KanchanKhola along road connecting Saljhandi 5 and Barauli 9 in Rupandehi District (Pre-stressed Concrete) | 26,50,000 | 120 | 6000 |
| 4 | DROBTL/337 1574/071-072/206 | Construction of Bridge over RohiniKhola along road connecting Devedaha and Tilottama municipality at Suryanagar Rupandehi (Pre-stressed Concrete) | 32,00,000 | 120 | 6000 |
| 10 | DROBTL/337 1574/071-072/212 | Construction of Bridge over Rohini River along BhaluhiMadrahani (Sainik) Road, Devadaha 10 in Rupandehi District (Pre-stressed Concrete) | 18,50,000 | 90 | 5000 |
| 11 | DROBTL/337 1574/071-072/213 | Construction of Bridge over BhaluhiKhola along Tilakpur Ramnagar Road in Nawalparasi District (Pre-stressed Concrete) | 27,50,000 | 120 | 6000 |

Matters not covered by above mentioned tender notice and this amendment shall be in accordance with Public Procurement Act 2063 and other prevailing regulations.

**Division Chief**

वर्गीकृत डिस्प्ले
सिधा सम्पर्क : ५५४६३००, ५५४१०३०/४० Ext : १०२
E-mail : rajdhanimarketing76@gmail.com / rajdhani_marketing@yahoo.com

**राहदानी हरायो**
मिति २०७२/८/६ गते बाराको कलैया चौक नजिकै सम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : किरण किशोर चौधरी
राहदानी नं.: १९८५५३५
ठेगाना : विसुनपुर्वा-४, बारा
सम्पर्क : ९८०२९३५६११

**राहदानी हरायो**
मिति २०७२/६/२९ गते २८ किलोदेखि धुलिखेल बसपार्क सम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : धनबहादुर तामाङ
राहदानी नं.: ४४८४०७८
ठेगाना : सिपालीचिलाउने -८ काभ्रेपलान्चोक
सम्पर्क : ९८१३३६७७५४

**राहदानी हरायो**
मिति २०७२/७/२९ गते सिद्धिपुरदेखि वेल्टार सम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : किरण कुमार मगर
राहदानी नं.: ४४८४४९८
ठेगाना : सिद्धिपुर-२१, उदयपुर
सम्पर्क : ०३५४२०१९९

**राहदानी हरायो**
मिति २०७२/७/२० गते रामपुरदेखि ठोक्सीलासम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : अम्बिका घिमिरे
राहदानी नं.: ०७८१९३४७
ठेगाना: रामपुर ठोक्सीला ६ उदयपुर
सम्पर्क : ०३५४२०१९९

**राहदानी हरायो**
मिति २०७२/५/२० गते सिद्धिपुरदेखि वेल्टारसम्म जाँदा मेरो निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : विष्णु बहादुर मगर
राहदानी नं.: २३७०२९५
ठेगाना : सिद्धिपुर-४, उदयपुर
सम्पर्क : ०३५४२०१९९

**राहदानी हरायो**
मिति २०७२/०७/२५ गतेका दिन जोरपाटीबाट चाबहिल सम्म जाँदा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
नामः रुपेश बहादुर प्रधान
राहदानी नं: ०६५१६९५५
ठेगाना: लिस्टि, सिन्धुपाल्चोक
सम्पर्क: ९८६०६३८६९३

वर्गीकृत डिस्प्ले २५० वर्गीकृत विज्ञापन प्रति शब्द रु ५/-

राजधानी न्यूज पब्लिकेशन प्रा.लि.का क्षेत्रीय तथा ब्यूरो कार्यालयहरु
नेपालगञ्ज: क्षेत्रीय कार्यालय फोन : ०८१-५२५९३४
बुटवल : क्षेत्रीय कार्यालय फोन : ०७१-४३७४५५
पोखरा : (क्षेत्रीय कार्यालय) फोन: ९८४६५६३५१३



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू.४८,०००/- |
| तेजाबी प्रतितोला | - रू.४७,७५०- |
| चाँदी प्रतितोला | - रू.६७५/- |



# अर्थ

## ऐनसँग बाझियो सरकारको कार्ययोजना

शिव सत्याल/राजधानी
काठमाडौं, १८ पुस

सरकारले बनाएको तत्काल सुधार कार्ययोजना बन्न लागेको ऐनसँग बाझिएको छ। राष्ट्रिय वाणिज्य बैंकको ३० प्रतिशत सेयर सर्वसाधारणलाई दिने भन्ने सरकारको कार्ययोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको संशोधन विधयेकसँग बाझिएको हो।

अर्थमन्त्रीले संसद्मा दर्ता गराएको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) संशोधन गर्न बनेको विधयेकमा नेपाल सरकारको उल्लेख्य स्वामित्वमा स्थापना हुने बैंक वा वित्तीय संस्था तथा पूर्वाधार विकास बैंकको हकमा कम्तीमा ३० प्रतिशत सेयर स्वामित्व सर्वसाधारणको हुनैपर्ने व्यवस्था आवश्यक नपर्ने व्यवस्था छ। तर, सरकारको तत्काल सुधार कार्ययोजना भन्दै केही दिनअघि मुख्य सचिव डा. सोमलाल सुवेदीले सार्वजनिक गरेको कार्ययोजनामा आगामी असार मसान्तसम्ममा राष्ट्रिय वाणिज्य बैंकको ३० प्रतिशत सेयर सर्वसाधारणलाई दिइसक्ने उल्लेख गरिएको छ। अहिले सो बैंकमा सरकारको शतप्रतिशत लगानी छ।

'नेपाल सरकारको उल्लेख्य स्वामित्वमा स्थापना हुने बैंक वा वित्तीय संस्था तथा पूर्वाधार विकास बैंकको हकमा सेयर स्वामित्वको अनुपात उपदफा १ बमोजिम हुन आवश्यक पर्ने छैन,' विधेयकमा भनिएको छ। सो विधेयकको उपदफा १ मा 'बैंक वा वित्तीय संस्थाले आफ्नो कुल जारी पुँजीको कम्तीमा ३० प्रतिशत सेयर सर्वसाधारणलाई विक्रीवितरण गर्न छुट्याउनुपर्नेछ,' भन्ने उल्लेख गरिएको छ।

मुख्य सचिव डा. सुवेदीले सार्वजनिक गरेको कार्ययोजनामा आगामी असार मसान्तभित्रमा राष्ट्रिय वाणिज्य बैंकमा रहेको नेपाल सरकारको ३० प्रतिशत सेयर सर्वसाधारणलाई दिने भनिएको छ। अहिले संसद्मा दर्ता भएको विधेयक जस्ताको तस्तै पारित भएमा सरकारको सेयर सर्वसाधारणलाई बिक्री नगर्दा पनि हुनेछ।

यस्तै, सरकारको कार्ययोजनामा आगामी २०७४ असार मसान्तभित्रमा कृषि विकास बैंक र नेपाल बैंकमा रहेको सरकारको सेयर विनिवेश प्रक्रिया सुरु गर्ने उल्लेख गरिएको नेपाल बैंकमा सरकारको करिब ३९ प्रतिशत सेयर लगानी रहेको छ। यस्तै, कृषि विकास बैंकमा सरकारको ५१ प्रतिशत सेयर लगानी रहेको छ।

## बुधबारदेखि चारपांग्रे निजी सवारी साधनलाई इन्धन

राजधानी समाचारदाता
काठमाडौं, १८ पुस

नेपाल आयल निगमले आगामी बुधबारदेखि निजी क्षेत्रका चारपांग्रे सवारी साधनलाई इन्धन वितरण गर्ने तयारी गरेको छ। पछिल्लो समयमा रक्सौल नाकाबाहेक अन्य नाकामार्फत इन्डियन आयल कर्पोरेसन (आईओसी) ले केही बढी परिमाणमा डिजेल उपलब्ध गराउन लागेकाले निजी क्षेत्रलाई पनि इन्धन वितरण गर्ने तयारी गरिएको हो।

निगमका प्रवक्ता मुकुन्द घिमिरेका अनुसार अहिलेकै अवस्थामा डिजेलको सहज आपूर्ति भएको अवस्थामा आगामी बुधबारदेखि निजी क्षेत्रका सवारी साधनलाई इन्धन वितरण गर्न सकिने बताए। 'यसका लागि आगामी आइतबार र सोमबारको डिजेलको आपूर्तिको अवस्था हेर्छौं, प्रवक्ता घिमिरेले भने, 'दुई दिनमा अहिलेकै अवस्थामा आपूर्ति भयो भने बुधबारदेखि इन्धन वितरण गर्छौं।'

दुई दिनअघि मात्रै प्रधानमन्त्री केपी शर्मा ओलीले श्वेतपत्रलाई आधार बनाएर एक साताभित्रमा सर्वसाधारणलाई सहज रूपमा इन्धन वितरण गर्न आपूर्ति मन्त्रालयका सचिवलाई बोलाएर निर्देशन दिएलगत्तै निगमले निजी क्षेत्रलाई इन्धन वितरण गर्ने तथा अन्य दिनको तुलनामा शुक्रबारदेखि पम्पहरूलाई बढी परिमाणमा इन्धन उपलब्ध गराउन थालेको छ। 'डिजेलको आपूर्ति बढेकाले शुक्रबारदेखि पहिलेको तुलनामा केही बढी परिमाणमा पम्पहरूलाई डिजेल उपलब्ध गराउन थालेका छौं, घिमिरेले भने। निगमका अनुसार अहिले दैनिक करिब १ हजार ३ सय किलोलिटर (१३ लाख लिटर) डिजेल आपूर्ति भइरहेको छ। पेट्रोलतर्फ भने दैनिक ४ सय किलोलिटर (४ लाख लिटर) आपूर्ति हुँदै आएको छ।


नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
भैरहवा भन्सार कार्यालय
बेलहिया, रुपन्देही

**शिलबन्दी बोलपत्र आव्हानको सूचना**

सूचना नं. ०१/०७२/०७३
(प्रथमपटक प्रकाशित मिति २०७२/९/१९)

भैरहवा भन्सार कार्यालय, रुपन्देहीको कर्मचारी निवास तथा अन्य निर्माण कार्य सिलबन्दी बोलपत्रद्धारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

१. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०७२/१०/१८) भित्र बोलपत्र वापत तपलिमा उल्लेखित रकम (फिर्ता नहुने गरी) बुझाई आ.व. २०७२/७३ सम्म मान्यता हुने ठेक्का इजाजतपत्र आयकरको स्थायी नम्बर PAN नं लिएको र मु.अ.कर प्रयोजनको लागी दर्ता भएको प्रमाणपत्र आ. व. २०७१/०७२ सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्र दाताले लिखित निवेदन दिई यस कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय भैरहवा रुपन्देहीबाट कार्यालय समयभित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।
२. खरिद भएको बोलपत्र सम्बन्धी कागजात प्रष्टसँग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाप गरी सिलबन्द खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम, ठेक्का नं. प्रष्टसँग लेखी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिन (२०७२/१०/१९) दिनको १२ बजे भित्रमा यस कार्यालयमा दर्ता गराउनु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको १ बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधीहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छन्। बोलपत्रदाता वा प्रतिनिधिहरुको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३. बोलपत्र मान्य हुने अवधी बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ र बोलपत्रसाथ बोलपत्र जमानत बापतको तपसिलमा उल्लेखित रकम कृषि विकास बैंक भैरहवा स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीको एकल कोष धरौटी खाता नं. ०४१४६०१०१४२५३०४७ ख३ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस भैरहवा भन्सार कार्यालय रुपन्देहीको नाममा मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन अवधी भएको बैंक जमानत (बिड बण्ड) पेश गर्नु पर्नेछ।
४. कार्यालयले उपलब्ध गरेको बोलपत्र पुस्तिकामा कुनै थपघट वा दृष्टव्य नलेखेको हुनु पर्नेछ। समयभित्र प्राप्त नभएको रित नपुगेको सूचनमा शर्त बिपरित भएको बोलपत्र माथि कारवाही हुने छैन। केरमेट भएको खण्डमा सम्बन्धित फर्मको सहिछाप भएको हुनुपर्नेछ।
५. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिनेछ।
६. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
७. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा निम्न कुराहरु खुलाउनु पर्नेछ अन्यथा बोलपत्र मान्य हुने छैन।
८. (क) प्रस्तावित कार्यको लागि आवश्यक अनुभव (ख) जनशक्तिको कार्य दक्षता र योग्यता (ग) आर्थिक दक्षताको विवरण (घ) आवश्यक प्राविधिक मालसामान तथा उपकरणको विवरण (ङ) निर्माण कार्य तालिका (च) लिखित स्वयम घोषणा र संयुक्त उपकम (जे.भी.) को माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्बन्धी संझौता पत्र पेश गर्नुपर्नेछ। संयुक्त उपकममा लिड पार्टनरको ४०% अन्य पार्टनरको २५% भन्दा कम भएको लागि मान्यता दिइने छैन। संयुक्त उपकममा बढीमा ३ वटा फर्मले मात्र भाग लिन पाउने छन्। संझौता पत्रमा कामको विवरण तथा सेयर खुलेको हुनु पर्नेछ। तर एक बोलपत्रदाताले संयुक्त उपकमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एक मात्र बोलपत्र पेश गर्न सक्नेछन्।
९. बोलपत्र सम्बन्धी विस्तृत छलफलको लागि प्रथम पटक सूचना प्रकाशित भएको मितिले २० औं दिन दिनको एक बजे यस कार्यालयमा प्रि–विड मिटिङ राखिएकोले सम्पूर्ण इच्छुक निर्माण व्यवसायीलाई उपस्थित हुन सूचित गरिन्छ।
१०. इच्छुक बोलपत्रदर्ताले E-procurement मार्फत www.edudbc.gov.np मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र डाउन लोड गर्न र बोलपत्र दाखिला गर्न समेत सक्नेछन्। सो को लागि निम्न बमोजिम राजश्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरि डिपोजिट भौचरको Scanned copy -pdf format मा Electronic bid files साथै पेश गर्नु पर्नेछ।
११. बोलपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सोको भोलि पल्ट वा बिदा पछि कार्यालय खोलेको दिन हुनेछ।
१२. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा ठेक्का स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।
१३. बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।
१४. E-bidding document को लागि रकम जम्मा गर्ने बैंकको विवरण : क) बैंकको नाम : कृषि विकास बैंक, भैरहवा ख) कार्यालयको कोड नं. : ३७/३०५/०३ ग) राजश्व खाता नं. क ४१४६०१०१४२५३०१२ घ) राजश्व शिर्षक नं. : १४२२७
१५. कुनै बोलपत्र दाताले E-bidding document बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-bidding document प्रकृयाबाट नै गर्नु पर्नेछ। यस्ता बोलपत्र फिर्ता लिन वा संशोधनका लागि सिलबन्धी निवेदनबाट हार्ड कपी पेश गर्न पाइने छैन/स्वीकार गरिने छैन।
१६. E-bidding document द्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेका कागजातहरुको सक्कल प्रति ७ दिन भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ।
१७. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ।
१८. कामको विवरण निम्न अनुसार रहेको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कार्यको विवरण | बोलपत्र खरिद दस्तुर (रु.) | लागत अनुमान रकम रु (मुअकर र कन्टेन्जेन्सी बाहेक) | बोलपत्र जमानत रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | ०१/०७२/०७३ | प्रमुख भन्सार अधिकृत आवास भवन निर्माण कार्य | ३०००.०० | ................ | ४,९५,०००।- |
| २ | ०२/०७२/०७३ | भन्सार अधिकृत आवास भवन निर्माण कार्य | ३०००.०० | ................ | ३,८२,०००।- |
| ३ | ०३/०७२/०७३ | कर्मचारी आवास भवन निर्माण कार्य | ३०००.०० | ................ | ४,७०,०००।- |
| ४ | ०४/०७२/०७३ | स्क्यानर मेसिन र शौचालय निर्माण कार्य | १०००.०० | १९३२,१५६।६७ | ६५,०००।- |

प्रमुख भन्सार अधिकृत


## ग्लोबल आईएमईको प्रभातफेरी




**काठमाडौं/रास–** ग्लोबल आईएमई बैंकले १०औं वर्षमा प्रवेश गरेको अवसरमा वित्तीय साक्षरता जगाउने उद्देश्यले काठमाडौंमा प्रभातफेरी कार्यक्रमको आयोजना गर्‍यो। 'बचत गरौं' भन्ने मूल नाराका साथ आयोजना गरिएको प्रभातफेरी कार्यक्रममा उपत्यकामा कार्यरत ६ सय ५० भन्दा बढी कर्मचारीको उपस्थिति रहेको थियो।

प्रभातफेरी कार्यक्रम बैंकको कान्तिपथ शाखादेखि सुरु भएर दरबारमार्ग, घन्टाघर, रत्नपार्क, सहिदगेट, धरहरा न्युरोडगेट, वीर हस्पिटल, जमल हुँदै पुन कान्तिपथ शाखामा नै आएर समापन गरिएको बैंकले बताएको छ। त्यसैगरी, बैंकले रक्तदान र निःशुल्क मधुमेह परीक्षण कार्यक्रमको आयोजना गरेको छ। 'रक्तदान नै जीवन दान' भन्ने मूल नाराका साथ आयोजना गरिएको रक्तदान कार्यक्रममा बैंकका कर्मचारीको उल्लेख्य सहभागिता रहेको थियो।

## पाँचौं बिग सेल फुटवेयर मेला




**काठमाडौं/रास–** नेपाली जुत्ता घरको आयोजनामा पाँचौं बिग सेल फुटवेयर व्यापारिक मेला शुक्रबारदेखि सुरु भएको छ। भृकुटीमण्डपमा सुरु भएको मेलाको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष पशुपति मुरारकाले गरे।

सो मेलामा जुत्ता तथा चप्पलमा १५ देखि ७५ प्रतिशतसम्मको विशेष छुटको व्यवस्था गरिएको कम्पनीले बताएको छ। मेलामा नेपालका चर्चित ब्रान्डहरू: शिखर सुज, बीएफ डियरहिल सुज, स्काई सुज, क्रस रोड, कोसेली छाला जुत्ता उद्योग, लेदर विङ्स टाकुरा सुज, सु ल्यान्ड, फुटल्यान्ड र इजी सुज गरी १० ओटा ब्रान्डका जुत्ताचप्पल रहेका छन्।

## सिभिल मलका विजेतालाई स्कुटर

**काठमाडौं/रास–** दसैंतिहारको अवसरमा सिभिल मलले सञ्चालनमा ल्याएको प्रवर्द्धनात्मक कार्यक्रम यामाहा फ्यासिनो योजनाका विजेता छनोट भएका छन्। काठमाडौंमा शुक्रबार आयोजित कार्यक्रममा सिभिल विजेतालाई उपहार हस्तान्तरण गरियो। बम्पर उपहारस्वरूप कुलेश्वरका मुकुट परिक, रविभवनका अविक जोशी र ताहाचलकी सरिता श्रेष्ठले यामाहाको फ्यासिनो स्कुटर पाएका छन्। दसैंतिहारको अवधिमा १ हजारभन्दा बढीको सपिङ गर्ने ३५ हजार ग्राहकलाई मलका तर्फबाट एक थान कुपन दिइएकामा तीमध्येबाट तिनजना विजेताले सो पुरस्कार पाएका हुन्।

## बालबालिकालाई म्याजिकको सहयोग

**काठमाडौं/रास–** जयश्री ग्रुपअन्तर्गतको म्याजिक फुटवेयरले भूकम्प प्रभावित बालबालिकालाई सहयोग गरेको छ। 'एबलिटी अफ डिजाएबिलिटी, लायन्स क्लब अफ काठमाडौं'को सहकार्यमा म्याजिक फुटवेयरले १ हजार जोर जुत्ता भूकम्प प्रभावित बालबालिकालाई वितरण गरेको हो।

बढ्दो चिसोका कारण बालबालिकामा बढी असर पर्ने कुरालाई ध्यानमा राखी म्याजिकले सो सहयोग गरेको बताएको हो।

जयश्री ग्रुपले विगत ३१ वर्षदेखि आफ्ना विभिन्न ब्रान्डका जुत्ताचप्पल उत्पादन गर्दै नेपाली बजारमा उपलब्ध गराउँदै आएको छ।

## डिप्रोक्सको बोनस सेयर पारित

**काठमाडौं/रास–** डिप्रोक्स लघुवित्त विकास बैंकको साधारण सभाले सेयरधनीलाई ५० प्रतिशत बोनस सेयर र २.६३ प्रतिशत नगद लाभांश (कर प्रयोजन) वितरण गर्ने सञ्चालक समितिको प्रस्ताव पारित गरेको छ। बोनस सेयर वितरणपछि बैंकको चुक्ता पुँजी २५ करोड ७९ लाख रुपैयाँ पुगेको छ। बैंकले यसै आवदेखि राष्ट्रियस्तरमा सेवा विस्तार गर्ने स्वीकृति प्राप्त गरेको बताएको छ।

बैंकमा नबिल बैंक, कृषि विकास बैंक, नेपाल बैंक, विकास आयोजना सेवा केन्द्र, लुम्बिनी फाइनान्स एन्ड लिजिङ कम्पनी र बैंक तथा वित्तीय क्षेत्रका विशेषज्ञको प्रत्यक्ष लगानी रहेको छ।

## प्राइम बैंक कर्मचारी संघमा पन्त

**काठमाडौं/रास–** प्राइम कमर्सियल बैंक कर्मचारी संघको पहिलो अधिवेशनले प्रशान्तबल्लभ पन्तलाई अध्यक्षमा निर्वाचित गरेको छ। त्यसैगरी, उपाध्यक्षमा धनबहादुर गोले, सचिवमा दीपेश घिमिरे र कोषाध्यक्षमा बद्री बोहोरा रहेका छन्। त्यस्तै, सदस्यहरूमा सुशीला नापित, बुद्धि पोखरेल, राजेश मानन्धर, दामोदर ढुंगाना र मिलनविक्रम बस्नेत रहेका छन्।

सो अधिवेशन कार्यक्रममा संघलाई सफलताको शुभकामना दिँदै प्राइम कमर्सियल बैंकका अध्यक्ष एवं सभासद् उमेश श्रेष्ठले बैंक तथा वित्तीय संस्था अत्यन्तै प्रतिस्पर्धी र सेवामूलक क्षेत्र भएकाले बैंकलाई अघि बढाउनका लागि व्यवस्थापन र कर्मचारीबिचको सम्बन्ध सुमधुर हुनु जरुरी रहेको बताए।

## नव टाकुरामा नयाँ कार्यसमिति

**काठमाडौं/रास–** नवटाकुरा बचत तथा ऋण सहकारी संस्थाको छैटौं साधारण सभा सम्पन्न भएको छ। साधरण सभाले अध्यक्ष हरिप्रसाद गौतमको नेतृत्वमा ११ सदस्यीय पदाधिकारी सर्वसम्मत चयन गरेको छ।

उपाध्यक्षमा नवराज गौतम, सचिव साहस चौलागाईं, कोषाध्यक्ष सहदेव चौलागाईं, सञ्चालक सूर्यप्रसाद चौलागाईं, गोविन्द चौलागाईं, कृष्णप्रसाद गौतम, दीपेन्द्र चौलागाईं, विशाल गौतम, तेजप्रसाद गौतम र सम्झना गौतमलाई चयन गरेको छ।

साधारण सभाको नेपाल उद्योग वाणिज्य महासंघका सदस्य एवं शिखर सुजका प्रबन्ध निर्देशक रामकृष्ण प्रसाईंले गरेका थिए। कार्यक्रममा हिमालय व्यापार संघका महासचिव अर्जुन गौतम, राष्ट्रिय व्यापार संघका अध्यक्ष नैन पण्डित एवं छाला जुत्ता उत्पादक संघका निवर्तमान अध्यक्ष होमनाथ उपाध्यायले आर्थिक विकासमा सहकारीको योगदानबारे आ-आफ्नो धारणा राखेका थिए।

# भारतसँगको दुरी हटाउन साग सहयोगी हुने विश्वास

**राजधानी समाचारदाता**
काठमाडौं, १८ पुस

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अध्यक्ष युवा तथा खेलकुदमन्त्री सत्यनारायण मण्डलले खेलकुदमार्फत भारतसँगको सम्बन्ध अझ सुमधुर बनाउन सकिने बताएका छन् । उनले शनिवा १२औं दक्षिण एसियाली खेलकुद (साग) मा सहभागी जनाउने खेलाडी तथा प्रशिक्षकलाई सम्बोधन गर्दै भने, 'भारत र नेपालबिच रहेको केही दुरी सागका क्रममा हट्ने विश्वास छ । संविधान जारी भएपछि हामीबिच केही दुरी बढेको छ ।' सागका लागि छनोट खेलाडीलाई प्रोत्साहन गर्न राखेपले शनिबार त्रिपुरेश्वस्थित राखेपको प्रांगणमा कार्यक्रम आयोजना गरेको थियो। मन्त्री मण्डलले भने, 'सागको अवधिमा खेलका माध्यमबाट दुरी हटाउन सहयोग पुगोस्, सफलताका लागि तपाईंहरूलाई शुभकामना छ ।'



सागमा छनोट भएका खेलाडीसँग नाच्दै राखेपका सदस्य सचिव केशवकुमार विष्ट

मन्त्री मण्डलले सागमा पदक जित्ने खेलाडीका लागि मन्त्रालयले पुरस्कारको व्यवस्था गरेको स्मरण गराउँदै भने, 'मन्त्रालयले पदक विजेता खेलाडीका लागि नगद पुरस्कारको व्यवस्था गरेको छ, तपाईंहरू स्वर्ण जितेर आउनुस्, नेपाल सरकारसमक्ष थप पुरस्कारका लागि छुट्टै प्रस्ताव लाने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।'

राखेप उपाध्यक्ष लामा टेन्डी शेर्पाले परिषद्का पदाधिकारी जुनसुकै खेलमा आबद्ध भए पनि सबै खेललाई समान नजरले हेर्ने बताए । उनले भारतपछि हुने १३औं साग नेपालले आयोजना गर्ने बताउँदै भने, 'नेपालमा हुने साग उपत्यका बाहिर गर्ने गरी प्रस्ताव लाने तयारी भइरहेको छ । यसले उपत्यकाबाहिर पनि खेलकुदको संरचना विकास हुन्छ ।'

उनले देशको अहिलेको असहज परिस्थितिका कारण समयमा नै सागमा सहभागी हुने खेलाडीलाई विशेष प्रशिक्षणमा राख्न नसकेको बताए ।

राखेप सदस्य-सचिव केशवकुमार विष्टले संविधान जारी भएपछिको अघोषित नाकाबन्दीका कारण खेलकुद क्षेत्र पनि प्रभावित भएको बताए ।

'नाकाबन्दी र भूकम्पको पीडाबीच पदक जितेर सारा नेपालीलाई खुसी बनाउन जरुरी छ ।' खेलाडीलाई प्रोत्साहन गर्दै पदक जित्नका लागि उत्साहित गरिरहेका थिए । उनले खेल जीवनपछि पनि खेलाडीको भविष्य सुनिश्चित गर्न परिषद् लागिपरेको बताउदै पदक जित्न साधनस्रोत मात्र नभई इच्छाशक्ति पनि आवश्यक रहेकामा जोड दिए । उनले खेलाडीको मनोबल गिर्ने गरी काम नगर्नसमेत आग्रह गरे ।

कार्यक्रममा खेलाडीलाई सफलताको शुभकामना दिँदै राष्ट्रिय झन्डा अंकित ब्याज, टीका र सगुन प्रदान गरिएको थियो । त्यस्तै, कुमार पौडेललगायतले गीत प्रस्तुत गरी खेलाडीलाई मनोरञ्जन प्रदान गरेका थिए । गीतमा सदस्यसचिव केशव विष्टसहित खेलाडीहरू नाचेका थिए । कार्यक्रममा सागमा सहभागी हुने विभिन्न खेलका खेलाडी, प्रशिक्षक, संघका पदाधिकारीहरूको उपस्थिति थियो ।

सागको १२औं संस्करण भारतको गुवाहटी र सिलोङमा माघ-फागुनमा हुँदै छ। नेपालले विभिन्न २३ खेलमा प्रतिस्पर्धा गर्नेछ ।

# प्रशिक्षक ओसेम्सले एन्फासँगको सम्झौता नवीकरण नगर्ने



**काठमाडौं/रास-** नेपाली राष्ट्रिय फुटबल टोलीका प्रमुख प्रशिक्षक प्याट्रिक ओसेम्स अखिल नेपाल फुटबल संघको क्रियाकलाबाट निराश भएका छन् । उनले एन्फा गैरव्यावसायिक रूपमा चलेकाले आफूले एन्फासँगको सम्झौता नवीकरण नगर्ने भन्दै सामाजिक सञ्जाल ट्विटरमार्फत घोषणा गरेका छन् ।

एन्फामा भिजन नै नभएको भन्दै राष्ट्रिय फुटबल टोलीका प्रशिक्षक प्याट्रिक ओसेम्सले सम्झौता नवीकरण नगर्ने घोषणा गरेका हुन्। बेल्जियमका ओसेम्सलाई गत सेप्टेम्बरमा ६ महिनाका लागि नेपाली प्रशिक्षकमा नियुक्त गरिएको थियो ।

उनको प्रशिक्षकत्वमा नेपाली टिमले भारतमा भएको साफ च्याम्पियनसिप खेल्यो जसमा नेपाल श्रीलंकासँग १-० र भारतसँग ४-१ ले पराजित हुन पुग्यो । साफमा समूह चरणबाट बाहिरिएको थियो ।

उनी एन्फाका पदाधिकारीबाट वाक्क दिक्क भएर सामाजिक सञ्जालमार्फत अभिव्यक्ति दिन पुगेको स्पष्ट हुन्छ। एन्फाका अध्यक्ष गणेश थापालाई फिफाले प्रतिबन्ध गरेपछि नरेन्द्र श्रेष्ठ कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालिरहेका छन् । उनको लिडरसिप कमजोर भएको प्रशिक्षकको अभिव्यक्तिले प्रस्ट पारेको एन्फाका असन्तुष्ट पक्षको भनाइ रहेको छ ।

'म्याच फिक्सिङ, भ्रष्टाचारको कान्डलगायतका कारण नेपाली फुटबल कमजोर भएको छ । यतिबेला नेतृत्वको महत्त्वपूर्ण भूमिका हुनुपर्नेमा एन्फाका पदाधिकारी काम चलाउने हिसाबले मात्र अगाडि बढेका छन्' एन्फाका एक पदाधिकारीले भने ।

'मैले एन्फा बोर्डलाई नेपाली फुटबलको विकासका लागि योजना दिएको छु तर उनीहरूले केही प्रतिक्रिया दिएका छैनन् त्यसैले म आफ्नो नवीकरण गर्दिनँ,' प्याट्रिकले ट्विट गरेका छन् ।

'व्यावसायिकताको कमी, भविष्यको कुनै लक्ष्य नभएको र विकासका कुनै कार्ययोजना छैनन्, यस्तो अवस्था देख्या प्रतिभावान् युवा खेलाडी देखेर मलाई दया लागेको छ,' उनले लेखेका छन् ।

एन्फामा स्वच्छ रूपमा आलोचना गर्नेलाई समेत दुस्मनका रूपमा हेरिने गरिएकाले प्याट्रिकको आलोचनालाई पनि नकारात्मक रूपमा हेरिने एन्फाका एक पदाधिकारीले बताए । एन्फाको शुद्धीकरण गरी फुटबलमा नयाँ उचाइमा पुऱ्याउन सक्ने लिडरको आवश्यकता रहेको खेलाडीहरूले औंल्याएका छन् ।

# आन्दोलनका कारण सप्तरीमा राष्ट्रपति कप अन्योलमा

**एमके माझी/राजधानी**
राजविराज, १८ पुस

विद्यार्थीलाई खेलकुदप्रति प्रोत्साहन गर्ने उद्देश्यले वार्षिक रूपमा आयोजना गरिने राष्ट्रपति रनिङ सिल्ड खेलकुद प्रतियोगिता मधेस आन्दोलनका कारण अन्योलमा परेको छ । मधेस केन्द्रित दलले विगत साढे चार महिनादेखि थालेको अनिश्चितकालीन आमहडतालका कारण अधिकांश विद्यालय नियमित हुन नसक्दा र यातायात ठप्पका कारण प्रतियोगिता अन्योलमा परेको हो । लामो हडतालकै कारण खेलाडीको अभ्यास कार्य पनि ठप्प बनेको छ ।

'लामो बन्दहडतालका कारण पटक पटक प्रतियोगिताको मिति सार्दै लानुपरेको छ,' जिल्ला खेलकुद विकास समिति सप्तरीका कार्यालय प्रमुख लक्ष्मण मण्डलले भने, 'चैत महिनाभित्र प्रतियोगिता गराउन नसकिए सबै रकम फ्रिज हुन्छ ।' मधेस आन्दोलनका कारण हालसम्म ३ पटक प्रतियोगिताको मिति सारिएको उनको भनाइ छ ।

प्रतियोगिता सञ्चालन गर्न आवश्यक गृहकार्य पूरा गरिसकेको बताएका मण्डलले यसका लागि आन्दोलनरत पक्षसँग पनि छलफल कार्य अघि बढाएको जानकारी दिए । यसपल्ट राष्ट्रपति कपमा कबड्डी खेललाई पनि समावेश गरिएको जानकारी दिँदै उनले सबै इभेन्ट्समा खेलाडी सहभागी गराउने विद्यालयलाई प्रोत्साहनस्वरूप सहभागिता खर्चबापत १०/१० हजार रुपैयाँ उपलब्ध गराउने निर्णय भएको जानकारी पनि दिए ।

प्रतियोगितामा यसपल्ट सप्तरीका ८० ओटा विद्यालयलाई सहभागिता गराउने योजनासहित काम अघि बढाइएको बताउँदै उनले सहभागिता खर्च, मैदान मर्मत, मञ्च व्यवस्थापन, खेल सामग्री र पुरस्कार खर्च गरी जम्मा ३० लाख रुपैयाँ बजेट तय गरिएको बताए ।

निर्वाचन क्षेत्रस्तरीय, जिल्लास्तरीय र क्षेत्रीय गरी ३ चरणमा हुने सो प्रतियोगितामा लाग्ने जम्मा खर्च ३० लाख रुपैयाँ बजेट विनियोजनका लागि राष्ट्रिय खेलकुद परिषद्मा पत्राचार गरिसकेको र स्थिति सहज हुनासाथ प्रतियोगिता सुरु गर्ने पर्खाइमा रहेको कार्यालय प्रमुख मण्डलको भनाइ छ ।

# वेस्ट हामको लिभरपुलविरुद्ध जित



**लन्डन/एजेन्सी-** प्रिमियर लिगअन्तर्गत शनिबार भएको खेलमा वेस्टहामले लिभरपुललाई २-० ले पराजित गरेको छ। सो जितसँगै वेस्टहाम अंक तालिकाको पाँचौं स्थानमा छ । मिचाइल एन्टोनिओले हेड गोलमार्फत खेलमा अग्रता दिलाएका थिए। त्यसैगरी, मार्क नोबलेको क्रसमा एन्डी क्यारोलले गोल गर्दै २-० को जित दिलाए। उनले खेलको ५५औं मिनेटमा गोल गरेका थिए ।

यो जितपछि वेस्ट हाम २० खेलबाट ३१ अंक जोड्दै अंक तालिकाको पाँचौ स्थानमा रहेको छ। लिभरपुल ३० अंक जोड्दै अंक तालिकाको आठौं स्थानमा छ भने शीर्ष स्थानमा आर्सनल जमेर बसेको छ ।

वेस्ट हामले शनिबारको खेलमा आक्रामक खेल खेलेको थियो ।

# नेपालको यू-१९ टिम अभ्यास खेलमा पराजित



**काठमाडौं/रास-** भारतको धर्मशाला क्रिकेट स्टेडियममा शनिबार भएको अभ्यास खेलमा नेपालको यू-१९ क्रिकेट टोली हिमाञ्चल प्रदेश क्रिकेट संघ ११ सँग २ विकेटले पराजित भएको छ । हिमाञ्चल प्रदेश क्रिकेट एसोसिएसन ११ ले टस जितेर नेपालको यू-१९ टिमलाई पहिले ब्याटिङको निम्तो दिएको थियो ।

नेपालले निर्धारित ४० ओभरमा ८ विकेटको क्षतिमा २ सय ७ जोडेको थियो । जवाफमा हिमाञ्चलको टिमले ८ विकेटको क्षतिमा १ सय ८ रन जोडेर जित हात पारेको थियो ।

नेपालका लागि राजु रिजालले अर्धशतक प्रहार गरेका थिए ।उनले ८४ बलमा ८ चौका र १ छक्काको मद्दतमा ६६ रज जोडे । त्यसैगरी, राजवीर सिंहले ४२, दीपेन्द्रसिंह ऐरले ३४ रन जोडे। सौरभ खनालले २७ रन जोडे । अन्य खेलाडीले दोहोरो अंकको रन जोड्न सकेनन्। हिमाञ्चलका विनय गालेतिताले ८ ओभरमा ४८ रन दिएर ४ विकेट दिए। शिवराम पुरी, अर्जुन शर्मा, सुगम पर्मारले १/१ विकेट दिएका थिए ।

हिमाञ्चलका लागि ओपरन नितिन शर्माले ५२ बलमा ४५ रन जोडे । उनले ६ चौका र १ छक्का प्रहार गरे। दिग्विजय सिंहले २१, अर्सलान खानले ४७, अपूर्व वालियाले ३५ रन जोडे। त्यसैगरी, अर्जुन शर्माले २६ रन जोडे ।

नेपालका सन्दीप लामिछानेले आठ ओभर बलिङ गर्दै ४४ रन दिएर ३ किवेट लिए। त्यसैगरी, प्रेम तामाङले २ विकेट लिए । सुशील कँडेल र दीपेन्द्रसिंह ऐरले १/१ विकेट लिए ।

# काठमाडौं टेटेमा बज्राचार्य

**काठमाडौं/रास-** तेस्रो दक्षिण एसियाली महासंघीय खेलकुद (अहिले साग) का मिक्स डबल्सका कांस्य विजेता धर्ममान बज्राचार्यलाई अध्यक्षमा निरन्तरता दिँदै काठमाडौं जिल्ला टेबल टेनिस संघको साधारण सभाले ८ सदस्यीय जिल्ला कार्यसमिति शनिबार चयन गरेको छ । निर्विरोध चयन भएका बज्राचार्यको यो लगातार तेस्रो कार्यकाल हो ।

त्यस्तै, धर्म शाहीले उपाध्यक्ष, राकेश श्रेष्ठले सचिव तथा सुरज केसीले कोषाध्यक्षको जिम्मेवारी पाए । शाही निर्वाचित भए भने बाँकी दुई पदाधिकारी सर्वसम्मत चयन भए ।




सदस्यमा राष्ट्रिय च्याम्पियनद्वय दीप साउन र नविता श्रेष्ठ, सुरेन्द्र सुवाल तथा प्रशान्त महर्जन रहेका छन्। चारै सदस्य निर्वाचित भएका हुन्। इन्दिरा गुरुङ उपाध्यक्ष तथा राष्ट्रिय खेलाडी रबिना महर्जन र पुल्कित भीमसेरिया सदस्यमा मनोनीत भए ।

नवनिर्वाचित पदाधिकारीलाई प्रमुख निर्वाचन अधिकृत धन शाहीले शपथ खुवाए । यसअघि, साधारण सभाको राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष लामा टेन्डी शेर्पाले उद्घाटन गरेका थिए ।

# ललितपुरमा मार्पोलाई अध्यक्षको जिम्मेवारी

**काठमाडौं/रास-** जाउलाखेल मार्सल आर्ट सेन्टरका मार्पो लामाले राप्रपा नेपालको ललितपुर जिल्ला खेलकुद विभागको अध्यक्षको जिम्मेवारी पाएका छन्। राप्रपा नेपाल केन्द्रीय खेलकुद विभागको रोहवरमा मार्पोको अध्यक्षतामा २१ सदस्य कार्य समितिको गठन गरेको छ ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री विराजबहादुर विष्ट, राप्रपा नेपाल केन्द्रीय खेलकुद विभागका अध्यक्ष लोकबहादुर शाहीलगायतले शुभकामना मन्तव्य दिएका थिए ।

ललितपुर जिल्लाका राप्रपा नेपाल समर्थक खेलाडी, प्रशिक्षक र खेलप्रेमीको भेलाले आफूलाई सो जिम्मेवारी दिएको मार्पो लामाले जनाएका छन् ।

# नवलपरासीलाई भलिबल उपाधि

**विनोद परियार/राजधानी**
रूपन्देही, १८ बुटवल

किरण गुरुङ स्मृति तेस्रो पश्चिमाञ्चल क्षेत्रीय पुरुष भलिबल प्रतियोगिताको उपाधि जिल्ला भलिबल संघ नवलपरासीले हात पारेको छ ।

मणिमुकुन्द भलिबल क्लबको आयोजनामा लुम्बिनी एक्स्पो, अन्तर्राष्ट्रिय व्यापार मेलामा आयोजना गरिएको प्रतियोगिता शनिबार भएको फाइनल प्रतिस्पर्धामा गत वर्षको विजेता स्याङ्जालाई ३-२ को सेटले पराजित गर्दै नवलपरासीले उपाधि रक्षा गऱ्यो ।

उपाधि जितेको नवलपरासीले नगद ६० हजारसहित कप, मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो । त्यस्तै, उपविजेता बनेको स्याङजाले नगद ४० हजारसहित कप, मेडल र प्रमाणपत्र हात पाऱ्यो ।

त्यस्तै, प्रतियोगितामा तेस्रो स्थान जिल्ला भलिबल संघ गुल्मीले प्राप्त गरेको छ । शनिबार भएको प्रतिस्पर्धामा जिल्ला भलिबल संघ म्याग्दीलाई ३-२ को संघर्षपूर्ण सेटले हराउँदै गुल्मी तेस्रो भएको हो ।

तेस्रो बनेको गुल्मीले नगद २० हजारसहित कप मेडल र प्रमाणपत्र प्राप्त गऱ्यो भने सान्त्वना बनेको जिल्ला भलिबल संघ म्याग्दीले नगद १० हजारसहित कप, मेडल र प्रमाणपत्र हात पाऱ्यो । विजयी टिमलाई नेपाल सरकारका उद्योगमन्त्री सोमप्रसाद पाण्डे र क्लबका अध्यक्ष मिलन रानाले संयुक्त रूपमा पुरस्कार वितरण गरे ।

त्यस्तै, प्रतियोगितामा बेस्ट स्पाइकर नवलपरासीका घनश्याम महतो, बेस्ट सटरमा स्याङ्जाका भरत केसी, बेस्ट ब्लकरमा स्याङ्जाकै रमेश केसी, बेस्ट सर्भरमा परासीका धुर्मु चौधरी, बेस्ट डिफेन्डरमा स्याङ्जाकै कृष्ण गाहा र म्याच अफ सिरिजबाट परासीका रामनारायण महतो सम्मानित भए ।

# आईपीएलमा विराटको सर्वाधिक तलब

**नयाँ दिल्ली/एजेन्सी-** भारतीय क्रिकेट टिमका टेष्ट कप्तान विराट कोहली इन्डियन प्रिमियर लिग क्रिकेट (आईपीएल)मा सर्वाधिक तलब पाउने खेलाडी बनेका छन् । बीसीसीआईले वेभसाइडमार्फत आईपीएलका खेलाडीहरूको तलब सार्वजनिक गरेपछि आईपीएलमा सर्वाधिक तलब पाउने खेलाडीमा कोहली रहेको तथ्य बाहिर आएको हो ।

रोयल च्यालेन्जसर बैंग्लोरले कोहलीलाई १५ करोड रुपैयाँ तलब दिएको बीसीसीआईले सार्वजनिक गरेको छ । उनलाई १२.५० करोड दिने तय भएको थियो। त्यसैगरी, सीमित ओभरका कप्तान महेन्द्रसिंह धोनीलाई चेन्नई सुपरकिंग्सले १२.५० करोड तलब दिएको छ । उनलाई दिने भनी तय गरिएको रकम पनि त्यति नै हो ।

बीसीसीआईले पारदर्शिता सुनिश्चित गर्नका लागि तलबको सूची नै वेभसाइडमा राखेको हो । जसअनुसार भारतीय खेलाडीमा हरभजन सिंहलाई ५.५० करोड भारतीय श्ररुपैयाँ दिने भनिएकामा ८ करोड रुपैयाँ दिइएको छ। अम्बाती रायुडुलाई ४ करोड दिनुपर्नेमा ६ करोड दिइएको छ । विदेशी खेलाडीमा वेस्टइन्डिजका क्रिस गेललाई ७.५० करोड रुपैयाँका स्थानमा ८.४० करोड रुपैयाँ प्राप्त भएको छ। दक्षिण अफ्रिकाका फाफ डु प्लेसिसलाई ४.४७ करोड रुपैयाँ तलब दिइएको बुझिएको छ। उनलाई ४ करोड रुपैयाँ दिने तय भएको थियो ।

केही यस्ता क्रिकेटर पनि छन् उनीहरूको वास्तविक तलब तोकिएभन्दा कम रहेको छ । पन्जाबका डेबिड मिलरलाई १२.५० करोड दिने भनिएको भए पनि ५ करोड तलब रहेको छ। मनन बोहरालाई ४ करोडको स्थानमा ३.५ करोड रुपैयाँ प्राप्त भएको छ भने कोलकाताका गौतम गम्भीरलाई १२.५० करोडका स्थानमा १० करोड दिइएको छ भने सुनिल नारायणले ८ करोड तलब प्राप्त गर्छन् ।



राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : आशिष शेरचन, सम्पादक : राजन शर्मा